जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

देशको अवस्था परिवर्तन अहिलेको मुख्य ... पृष्ठ ५ मा

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com






वर्ष २६ • अंक ५९ • २०८१ साल साउन २ गते बुधबार (17 July, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-


### जनमतको प्राथमिकता मुख्यमन्त्री

## दलहरुको ध्यान मुख्यमन्त्रीमा केन्द्रित



**टुडे समाचारदाता**

जनकपुरधाम । संघमा भएको सत्ता समीकरणको साझेदारी अनुरुपको सरकार गठनका लागि मधेश प्रदेशमा जनमत , जसपा नेपाल , नेपाली कांग्रेसको ध्यान केन्द्रित भएको छ ।

मुख्यमन्त्री सतीशकुमार सिंहले विश्वासको मत लिनु पूर्व नेपाली कांग्रेससँग गरेको सहमति कार्यान्वयन नगरेपछि उत्पन्न असझदारीका परिणाम यी दलहरु केन्द्रीय निर्णयको पर्खाइमा रहेका छन् ।

नेपाली कांग्रेस संसदयि दलको बैठकमा मुख्यमन्त्री सिंहसँग सहमति बमोजिम मुख्यमन्त्री सिंहलाई विश्वासको मत दिनु पूर्व नै अर्थ मन्त्रालयसहितको चार मन्त्रालयमा साझेदारीको छलफल गरेको तर त्यसमा कांग्रेस अडिग नभएका परिणाम यो अवस्था उत्पन्न भएको दलको नीति अनुरुप संघीय सरकारमा सहभागिताभन्दा पनि मधेशमा आफ्नो दलको मुख्यमन्त्री पहिलो प्राथमिकता भएको प्रवक्ताले बताए ।

उनले भने - यो गठबन्धनले हामीलाई मधेशमा मुख्यमन्त्री दिएको छ, त्यस कारण हाम्रो प्राथमिकता संघभन्दा पनि मधेश प्रदेशको मुख्यमन्त्री रहेको छ ।

जसपा नेपालका नेता मनिष सुमनले नयाँ गठबन्धनबाट सरकारमा सहभागिताका लागि प्रस्ताव आएकोमा तत्काल सरकारमा सहभागी नहुने निर्णयअनुसार सरकारमा सहभागी नभएको बताए ।

संघ सरकारमा समर्थन गर्ने तर सरकारमा सहभागी नहुनुले जनमत पार्टी , जसपा नेपालको लडाई मधेश प्रदेशको मुख्यमन्त्रीकै लागि केन्द्रित भएको छ ।

यदि जनमतको नेतृत्वको मधेश प्रदेशको सरकारलाई दिएको समर्थन एमाले, कांग्रेसले फिर्ता लिएमा आफ्नो नेतृत्वमा सरकार बनाउने रणनीति अनुसार नै जसपा नेपाल संघको सरकारमा सहभागी नभएको जानकार बताउँछ्न् । मधेशमा दुबै दलबीच अस्तित्वको लडाई भएका कारण पनि मधेश प्रदेशको सरकारको नेतृत्व प्राथमिकतामा रहेको छ ।

अहिले नै मधेश प्रदेशमा जसपा नेपालले सरकार बनाउनेबारेमा कुनै कुरा नभएको तर गठबन्धनबाट त्यो विषयमा छलफल भएमा आफ्नो दल तयार रहेको पूर्व मुख्यमन्त्री सरोजकुमार यादवले बताए ।

जनमत पार्टीका संसदीय दलका नेता महेश यादव मन्त्रालयको भागवन्डा सन्दर्भमा उत्पन्न समस्या केन्दीय तहको प्रयासपछि समाधान हुने विश्वास व्यक्त गरे ।

स्रोतका अनुसार सहमति कार्यान्वयनप्रतिको उदासीनताले उब्जाएको विकल्पमा नेपाली कांग्रेसले आफ्नो नेतृत्वमै सरकार गठन, सरकारलाई बाहिरबाटै समर्थन दिने जस्ता विकल्पमा छलफलमा लागिपरेको छ ।

लोकतान्त्रिक समाजवादी पार्टीका संसदीय दलका उपनेता उपेन्द्र महतो दुई मन्त्रालय बटम लाइन विपरीतको सहमति स्वीकारको पक्षमा नरहेको स्पष्ट गर्दै उनले भने - बटम लाइन नभए सरकार बाहिर सहयोग गर्नेछु ।

मुख्यमन्त्री सिंहले पुनः अर्थ मन्त्रालय आफै राखी कांग्रेसलाई तीन मन्त्रालय दिने रणनीति लिएमा विकल्पहरुको खोजीले तीव्रता पाउने नेपाली कांग्रेस ससदीय दलका प्रमुख सचेतक कुमरकान्त झाले बताए ।

उनले भने - विश्वासको मत प्राप्तपछि मुख्यमन्त्री सिंहको सहमतिप्रतिको अनुदार भावले विकल्पको खोजीतर्फ सोच्न बाध्यात्मक अवस्था सिर्जना गरेको छ ।

केन्द्रीय नेताको निर्णयको पर्खाइमा छौं , निर्णय आउने बित्तिकै विद्यमान अन्योलको छिनोफानोतर्फ ध्यान केन्द्रित हुने विश्वास सांसद शेषनारायण यादवको छ ।

नेपाली कांग्रेसका संसदीय दलका प्रमुख सचेतक झाले सम्भवतः दुई दिनपछि प्रदेशमा उत्पन्न समस्याले निकास पाउने बताउँदै मुख्यमन्त्री सिंहले कांग्रेससँग गरेको सहमति कार्यान्वयन नगरेमा कांग्रेस विकल्पको बाटोमा अग्रसर हुने बताए ।











# बैंकरलाई अर्थमन्त्रीको ढाडस-विश्वास बोकेर फर्किनुस्, सरकार तपाईंहरूसँगै छ



काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजनीतिक अस्थिरताका कारण मुलुकको अर्थतन्त्रमा समस्या देखिएकाले स्थिर सरकार बनेसँगै समस्या समाधान हुँदै जाने बताउनुभएको छ । मंगलबार सिंहदबारस्थित अर्थमन्त्रालयमा नेपाल बैंकर्स सङ्घका पदाधिकारीसँगको भेटमा उहाँले हरेक क्षेत्रका समस्या समाधानका लागि सरकारले दृढताका साथ काम गर्ने बताउनुभएको हो ।

अर्थमन्त्री पौडेलले स्थिर सरकार बनेकाले अब सम्पूर्ण ध्यान देशमा रहेका समस्या समाधानमा केन्द्रीत हुने भन्नुहुँदै सोहीअनुसार बजारमा सकारात्मक सन्देश सम्प्रेषण गरिदिन बैंकरहरूसँग आग्रह गर्नुभयो । "अर्थतन्त्र बिग्रनुमा विश्वव्यापी परिघटना र केही आन्तरिक कारण होलान् तर राजनीतिक अस्थिरता प्रमुख कारण हो । हाम्रो शासन प्रणालीअनुसार बन्नसक्ने सबैभन्दा स्थिर सरकार यहि हो", उहाँले भन्नुभयो, "यो बलियो र टिकाउ सरकार हो, यसले निकास दिन्छ भन्ने सोच राख्नुहोला । तपाईंहरू विश्वास बोकेर फर्किनुस्, सरकारसँगै छ ।"

अहिलेको मुख्य चुनौती आममानिस र निजी क्षेत्रमा परेको निरासा चिर्नु रहेको अर्थमन्त्री पौडेलको भनाइ छ । "अहिलेको चुनौती मनोबल बढाउने नै हो । कसैले पनि व्यवसाय विस्तार गर्नेबारे सोचिरहेको छैनन् । ठूलो लगानी गर्नेभन्दा पनि कसरी चल्ने र साँवाब्याज कसरी तिर्ने भन्नेतर्फ धेरैको सोच छ", उहाँले भन्नुभयो, "यस्तो अवस्थामा सरकारले हरेक क्षेत्रको अभिभावकत्व ग्रहण गर्छ । अर्थतन्त्रका विभिन्न क्षेत्रमा देखिएका समस्या समाधानका लागि सँगै प्रयास गर्न र प्रत्येक समस्यामा सँगै बसेर छलफल गर्न तयार छु ।" अर्थतन्त्र सुधारका लागि नीतिगत रूपमा गर्नुपर्ने हस्तक्षेपका लागि सरकारले आवश्यक कदम चाल्ने पनि उहाँले स्पष्ट पार्नुभयो ।

बैंक तथा वित्तीय संस्थाले आगामी आर्थिक वर्षको मौद्रिक नीतिबाट केही सहज व्यवस्था अपेक्षा गरिरहेको अवस्थामा नेपाल राष्ट्र बैंकले सुझबुझपूर्ण तरिकाले मौद्रिक नीति ल्याउने विश्वास पनि अर्थमन्त्री पौडेलको छ । "राष्ट्र बैंक स्वायत्त संस्था हो, म उसको क्षेत्राधिकारमा हस्तक्षेप गर्न हुँदैन भन्ने विश्वास राख्छु तर राष्ट्र बैंकले तपाईंहरूका जायज माग सम्बोधन गर्नेछ भन्ने नै लाग्छ", उहाँको भनाइ थियो ।

बैंक तथा वित्तीय संस्थाको ऋण नतिर्ने भनेर विभिन्न अभियान चलाइनु गैरकानुनी क्रियाकलाप रहेको स्पष्ट पार्नुहुँदै अर्थमन्त्री पौडेलले बैंकका कर्मचारीको शान्ति सुरक्षाका लागि सरकार प्रतिबद्ध रहेको समेत बताउनुभयो । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) संशोधन गर्ने विधेयक प्रतिनिधिसभाबाट समितिमा दफावार छलफलका लागि गएको र त्यसलाई चाँडै विवादरहित कानुनका रूपमा ल्याइने उहाँले विश्वास दिलाउनुभयो ।

अर्थमन्त्री पौडेलले निर्माण व्यवसायीले सरकारबाट भुक्तानी पाउन बाँकी रहेको भन्ने विषयमा पनि आफूले अध्ययन गरिरहेको र चाँडै नै आवश्यक निर्णय लिइने बताउनुभयो । निर्माण व्यवसायीले पाउनुपर्ने भुक्तानीबारे बाहिर एकथरी तथ्याङ्क प्रचार भएको र त्यसको वास्तविक तथ्याङ्क फरक रहेको पनि उहाँले उल्लेख गर्नुभयो । बैंक तथा वित्तीय संस्थाबाट कर्जा लगानी हुन नसक्नु र खराब कर्जा बढ्नु चिन्ताको विषय रहेको अर्थमन्त्री पौडेलले धारणा राख्नुभयो ।

> नेपाल बैंकर्स सघंका पूर्वअध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुङ्गानाले बैंक तथा वित्तीय संस्थाको पुँजीकोष व्यवस्थापनमा समस्या देखिएको बताउनुभयो ।

अर्थमन्त्रीसँगको भेटका क्रममा नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनिल केसीले अहिले बैंकिङ क्षेत्र अप्ठ्यारो परिस्थितिबाट गुज्रिरहेको बताउनुहुँदै सरकारबाट समस्या समाधानका लागि उचित पहल हुनेमा आफूहरू आशावादी रहेको बताउनुभयो । "बैंकिङ क्षेत्र अप्ठ्यारोमा छ । केहीले सडकबाट ऋण तिर्दिन भन्न थालेका छन् । बैंकको नाफा घटेर करिब आठ प्रतिशत हाराहारीमा खुम्चिएको छ । बाफिया विधेयकमा भएका व्यवस्थाले संस्थागत लगानीकर्ता पनि उत्साहित छैनन्", उहाँले भन्नुभयो, "खराब कर्जा बढेको छ । बैंक वित्तीय संस्थासँग करिब रु छ खर्ब बराबर तरलता छ तर लगानी गर्नसक्ने अवस्था छैन । बैंकको मनोबल निकै घटेको छ ।" बैंकहरूले महँगो ब्याजदरमा निक्षेप उठाएर सस्तोदरमा राष्ट्र बैंकमा थुपार्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो ।

निर्माण व्यवसायीले सरकारबाट पाउनुपर्ने रकम भुक्तानी भएको अवस्थामा र विभिन्न क्षेत्रका दिइएको अनुदानको रकम सरकारले भुक्तानी गरेमा बैंकिङ क्षेत्रलाई सहज हुने उहाँले बताउनुभयो ।

नेपाल बैंकर्स सङ्घका पूर्वअध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुङ्गानाले बैंक तथा वित्तीय संस्थाको पुँजीकोष व्यवस्थापनमा समस्या देखिएको बताउनुभयो । पुँजी कोषसम्बन्धी व्यवस्थालाई सहज बनाउन जोखिमभार घटाउनुपर्ने र केही लचिलो बनाउनुपर्ने उहाँको सुझाव छ । बैंक हकप्रद शेयर जारी गर्नसक्ने अवस्थामा नरहेको पनि उहाँले उल्लेख गर्नुभयो । बाफिया विधेयकमा राखिएका व्यवस्था संशोधन नभईकनै पारित भएर आएमा त्यसले थप समस्या पर्ने उहाँले बताउनुभयो ।

चार वर्षभित्र पूर्ण कर परीक्षण (फुल अडिट) गर्ने विद्यमान व्यवस्थालाई संशोधन गरेर हरेक वर्ष 'फुल अडिट' गर्नुपर्ने व्यवस्था ल्याइनुपर्ने, समयमा करारोपण हुनुपर्ने, राजस्व न्यायाधीकरण र सर्वोच्च अदालतमा रहेका मुद्दा फिर्ता लिन चाहेमा सरकारले त्यसका लागि केही छुटको व्यवस्था गर्नुपर्ने, विद्युतीय भुक्तानी गर्दा १० प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) फिर्ता गर्ने प्रावधानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, धितोपत्र बोर्डको अध्यक्ष चाँडो नियुक्त गर्नुपर्ने, विभिन्न खालका विकास बण्ड तथा अन्तर्राष्ट्रिय बण्डलाई प्रोत्साहनको नीति लिनुपर्ने, आयकरको दर घटाउनुपर्नेलगायत सुझाव बैंकरहरूले दिएका छन् ।रासस

# १५ जनाको शव भेटियो, आठको सनाखत



काठमाण्डु । चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत नारायणगढ-मुग्लिन सडकको सिमलतालमा लेदोसहितको पहिरोले बगाई त्रिशूली नदीमा बेपत्ता भएका दुईवटा बसमा रहेका ६५ यात्रुमध्ये १५ जनाको शव भेटिएको छ ।

सशस्त्र प्रहरी बलले उपलब्ध गराएको तथ्याङ्कअनुसार आज बिहान ९:३० बजेसम्म मृतकमध्ये आठ जनाको सनाखत भएको छ । दुर्घटनामा परी तीन भारतीय नागरिकको पनि मृत्यु भएको छ । भारतको बिहार सीतामणिका २८ वर्षीय ऋषिपल साह, पश्चिम चम्पारण बेतिया थानाका ३० वर्षीय जयप्रकाश ठाकुर र बेतिया मझेलिया थानाका ३० वर्षीय सजाद अन्सारीको सनाखत भएको छ ।

यसैगरी चिवनको माडी-१ का २२ वर्षीय विकास परियार, सर्लाहीको वरथहवा-३ का १९ वर्षीय रमितकुशर माझी, भरतपुर महानगरपालिका-२२ पटहानीका २३ वर्षीय सुदीप विक, बाराको विश्रामपुर-६ का ४३ वर्षीय परमानन्द पण्डित र रौतहटका १७ वर्षीय फिरोज राहुप मियाँको सनाखत भएको छ ।

उनीहरुको शव आफन्तले बुझिलगेका सशस्त्र प्रहरी बलका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो । छ पुरुष एक महिला गरी सात जनाको शव अझै सनाखत हुन सकेको छैन । उनीहरुको शव चितवनको गोलाघाट, सालबास र सिसवार, नवलपुरको गैंडाकोट, भुताहा र त्रिवेणी ब्यारेज क्षेत्रमा फेला परेका हुन् । गत असार २८ गते बिहान ३ बजे सिमलताल भन्ने स्थानमा वीरगञ्जबाट काठमाडौँ आउँदै गरेको बागमति प्रदेश ०३-००६ ख १५१६ नं र काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४५९ नम्बरको बस लेदोसहितको पहिरोले बगाई त्रिशूली नदीमा बेपत्ता भएको थियो ।

वीरगञ्जबाट काठमाडौँ आउँदै गरेको बसमा टिकट काटेका २७ र अन्य ११ गरी ३८ तथा काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बसमा टिकट काटेका २३ र अन्य चार गरी जम्मा २७ जना यात्रु सवार रहेको प्रहरीले जनाएको छ । टिकट नकाटी बसमा यात्रा गरेका यात्रीका आफन्तजनले दुर्घटनापछि प्रहरीमा आफन्तको विवरण उपलब्ध गराएका थिए । दुई बसमा ६५ यात्रु सवार रहेको खुलेको छ ।

काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बसबाट हाम्फालेर बाँच्न तीनमध्ये रौतहटको गरुडा नगरपालिका-९ का जुगेश्वर राय यादव र सरोजकुमार गुप्ता उपचारपश्चात घर फर्केका छन् भने रौतहटकै देवाही बनाही नगरपालिका-१० का नन्दन दासको उपचार भइरहेको सशस्त्र प्रहरी बलका सहप्रवक्ता थापाले जानकारी दिनुभयो ।

**भारतीय सीमावर्ती जिल्लामा समन्वय**

नारागणगढ- मुग्लिन सडक खण्डअन्तर्गत सिमलतालबाट पहिरोसँगै खसेर बेपत्ता भएको बस र यात्रुको खोजीका क्रममा सीमावर्ती भारतीय जिल्लासँग समन्वय गरिएको छ ।

भारतीय सीमा क्षेत्र नजिक नारायणी नदीमा बेपत्ताको शव भेटिएपछि बगाएर भारत पुग्नसक्ने आकलनमा भारततर्फका जिल्लामा समन्वयमा खोजी गरिएको हो । चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार उत्तरप्रदेशको महाराजगञ्ज र बिहारको पश्चिम चम्पारण डिस्ट्रिकका डिएमसँग समन्वय गरिएको हो । यादवले आफूले पश्चिम चम्पारण र नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)का प्रमुख जिल्ला अधिकारीले महाराजगञ्जका डिएमसँग समन्वय गरिरहेको बताउनुभयो ।

नदीमा शव भेटिएमा जानकारी दिन दुवै डिएमलाई आग्रह गरिएको यादवले जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म शव भेटिएको कुनै जानकारी आएको छैन । गण्डक ब्यारेजसम्म शव पुगेपछि त्यहाँबाट पारिसमेत जान सक्ने भएकाले समन्वय गरिएको उहाँले बताउनुभयो ।

सीमा जोडिएका जिल्लासँग समन्वय गर्न प्रमुख जिल्ला अधिकारीलाई अधिकार भए पनि पत्राचार गर्नुपरेमा परराष्ट्र मन्त्रालयमार्फत जानुपर्ने भएकाले तत्कालका लागि मौखिकरुपमा कुराकानी गरिरहेको उहाँले बताउनुभयो । त्रिशूली नदी नारायणीमा मिसिएर त्रिवेणी हुँदै भारततर्फ बगेको छ । नदीमा बाढी आइरहेकाले शव भारत पुग्न सक्ने अनुमान गरिएको हो ।

यही असार २८ गते शुक्रबार वीरगञ्जबाट काठमाडौँतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौँबाट गौर जान आउँदै गरेको वाग्मति प्रदेश ०३२४९५ ख ००१ नम्बरको गणपति डिलक्स बस सिमलतालमा खसेको पहिरोसँगै बगेर त्रिशूली नदीमा बेपत्ता भएको थियो ।

उक्त बसमा सवार ६५ जनामध्ये तीन जना सकुशल निस्किएका थिए भने ६२ जना बेपत्ता भएका थिए । मंगलबारसम्म १५ जनाको शव विभिन्न क्षेत्रमा फेला पारिएको छ । घटनाको विषयमा अध्ययन गर्न गृहमन्त्रालयले सोमबार गठन गरेको कार्यदलले बुधबार स्थलगत रुपमा अध्ययन गर्ने भएको छ ।रासस

# आव २०८०/८१ समीक्षा: आय ७४ र व्यय ८० प्रतिशत

काठमाण्डु । गत आर्थिक वर्ष २०८०/८१ मा सरकारको आय व्यय निर्धारित वार्षिक लक्ष्यको तुलनामा निकै कम देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार गत आर्थिक वर्ष कूल लक्ष्यको ७४ दशमलव २९ प्रतिशत राजस्व असुली भएको छ भने ८० दशमलव ४४ प्रतिशत बजेट खर्च भएको छ ।

गत आर्थिक वर्षका लागि सरकारले कूल रु १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएको थियो । असार मसान्तसम्ममा कूल रु १४ खर्ब आठ अर्ब ७६ करोड ४५ लाख बराबर मात्रै खर्च भएको छ । चालु शीर्षकमा गत आर्थिक वर्षका लागि रु ११ खर्ब ४१ अर्ब ७८ लाख ४१ हजार बराबर बजेट विनियोजन भएकोमा लक्ष्यको ८३ दशमलव ४१ प्रतिशत अर्थात् रु नौ खर्ब ५२ अर्ब ४१ करोड ५१ लाख बराबर खर्च भएको छ ।

त्यस्तै, पुँजीगत शीर्षकमा रु तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख विनियोजन भएकोमा लक्ष्यको ६३ दशमलव ४७ प्रतिशत अर्थात् रु एक खर्ब ९१ अर्ब ७१ करोड ७८ लाख बराबर मात्रै खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकको बजेट खर्च ८६ दशमलव ०७ प्रतिशत छ । गत आर्थिक वर्षका लागि वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन भएकोमा रु दुई खर्ब ६४ अर्ब ६३ करोड १६ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

सरकारले गत आर्थिक वर्षका लागि कूल रु १४ खर्ब ७२ अर्ब ४८ करोड ४७ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो । तर वार्षिक लक्ष्यको ७४ दशमलव २९ प्रतिशत अर्थात् रु १० खर्ब ९३ अर्ब ९७ करोड ५९ लाख बराबर मात्रै राजस्व असुली भएको छ ।

सङ्कलित राजस्वमध्ये कर राजस्व लक्ष्यको ७२ दशमलव ३५ र गैरकर राजस्व लक्ष्यको ९७ दशमलव ६८ प्रतिशत बराबर असुली भएको छ । गत आर्थिक वर्षका लागि सरकारले रु १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख बराबर कर राजस्व उठाउने लक्ष्य राखेकोमा रु नौ खर्ब ४४ अर्ब ५५ लाख ४८ हजार बराबर मात्रै असुली भएको छ । त्यस्तै, गैरकरतर्फ रु एक खर्ब १७ अर्ब छ करोड २१ लाख उठाउने लक्ष्य राखिएकोमा रु एक खर्ब १४ अर्ब ३४ करोड १६ लाख बराबर मात्रै असुली भएको छ । गत आर्थिक वर्षमा वैदेशिक अनुदानतर्फ सरकारी लक्ष्यको तुलनामा वास्तविक प्राप्ति निकै कम छ । गत आवमा कूल रु ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले २२ दशमलव ४८ प्रतिशत अर्थात् रु ११ अर्ब २२ करोड ६४ लाख बराबर मात्रै अनुदान लिन सकेको देखिएको हो ।




**दुई पटक संशोधन गर्दासमेत लक्ष्य भेटिएन**

आयव्यय अनुमान दुई पटक संशोधन गर्दा पनि सरकारले लक्ष्य भेटाउन सकेन । सरकारले पहिलो पटक अर्धवार्षिक समीक्षामार्फत् र दोस्रोपटक गत आर्थिक वर्षको बजेट ल्याउँदा आयव्यय अनुमान संशोधन गरेको थियो । गत जेठ १५ गते निवर्तमान अर्थमन्त्री वर्षमान पुनले सरकारी आयव्यवको अनुमान दोस्रोपटक संशोधन गर्दै रु १५ खर्ब ३० अर्ब ३५ करोड अर्थात् विनियोजनको ८७ दशमलव चार प्रतिशत हुने गरी संशोधित अनुमान प्रस्तुत गर्नुभएको थियो ।

कूल सरकारी खर्चमध्ये चालु खर्च रु १० खर्ब ६७ अर्ब ४९ करोड अर्थात् विनियोजनको ९३ दशमलव पाँच प्रतिशत, पुँजीगततर्फ रु दुई खर्ब १५ अर्ब ३० करोड अर्थात् यो शीर्षकमा विनियोजनको ७१ दशमलव तीन प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब ४७ अर्ब ५५ करोड अर्थात् विनियोजनको ८० दशमलव पाँच प्रतिशत खर्च हुने गरी संशोधित अनुमान गरिएको थियो ।

त्यस्तै, दोस्रोपटक संशोधनपछि गत आर्थिक वर्षमा रु १२ खर्ब ५३ अर्ब बराबर राजस्व उठाउने लक्ष्य सरकारले तय गरेको थियो । त्यसअघि सरकारले गत आर्थिक वर्ष २०८०/८१ को बजेटको अर्धवार्षिक समीक्षा गर्दै गत माघमा पहिलो पटक राजस्व र खर्चको अनुमान घटाएको थियो । गत आर्थिक वर्षका लागि सरकारले रू १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बराबरको बजेट ल्याएकोमा अर्धवार्षिक समीक्षामार्फत् सुरू विनियोजनको ८७ दशमलव ३८ प्रतिशत अर्थात् रू १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख खर्च हुने संशोधित अनुमान गरिएको थियो ।

अर्धवार्षिक समीक्षामार्फत् सुरुवाती विनियोजनको तुलनामा चालु शीर्षकमा ८८ दशमलव ८४, पुँजीगत शीर्षकमा ८४ दशमलव १३ प्रतिशत र वित्तीय व्यवस्था शीर्षकमा ८७ दशमलव ३९ प्रतिशत खर्च हुने गरी पहिलोपटक संशोधित अनुमान गरिएको थियो ।

अर्धवार्षिक समीक्षामार्फत् आयव्ययको अनुमान घटाएर चालुतर्फ रू १० खर्ब सात अर्ब ४५ करोड ४६ लाख अर्थात् सुरुवाती विनियोजनको ८८ दशमलव २४ प्रतिशत, पुँजीगततर्फ रु दुई खर्ब ५४ अर्ब १३ करोड १९ लाख अर्थात सुरुवाती विनियोजनको ८४ दशमलव १३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू दुई खर्ब ६८ अर्ब ६७ करोड ९७ लाख अर्थात सुरुवाती विनियोजनको ८७ दशमलव ३९ प्रतिशत खर्च हुने अनुमान गरिएको थियो ।रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कूम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्ज महानगरपालिकाका-१६ नगवाका जवाहीर महतोले चलाएको बागमती प्रदेश ०३०१-०० ख १५१६ नम्बरको एञ्जल डिलक्स रात्रीबस गत शुक्रबार बिहानपख भरतपुर महानगरपालिका वडा-२९ सिमलतालमा पहिरोमा परेर त्रिशुली नदीमा बेपत्ता भएको खबर सुनेसँग विक्षिप्त अवस्थामा रहेका चालक महतोका परिवारका सदस्यहरु बुबा भगवान महतो ,आमा फुलेनादेवि, छोरी प्रिति ,छोराद्वय आयुष र बिटु महतो । *तस्बिर : रासस*

# पूर्वसचिवसँग सहकारी संसदीय छानबिन विशेष समितिको छलफल



काठमाण्डु । सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिले मंगलबार पूर्वसचिव र पूर्वमहालेखापरीक्षकहरुसँग छलफल गरेको छ ।

समितिले पूर्वमहालेखापरीक्षक टङ्कमणि शर्मा, सहकारी मन्त्रालयका सचिवद्वय गोपीनाथ मैनाली र डा दामोदर रेग्मीसँग छलफल गरेको समितिका सभापति सूर्य थापाले जानकारी दिनुभयो ।

सहकारी ऐनको निर्माण, नियमनको प्रबन्ध, सहकारी सङ्कटलगायत विभिन्न संरचनाको कानुनी एवं व्यावहारिक अभ्यास र अनुभवका सम्बन्धमा छलफल भएको उहाँले बताउनुभयो । उहाँका अनुसार आवश्यक कागजात मागिएका निकायका सम्पर्क व्यक्तिसँग फलोअप गर्ने, देशभरि राम्रोसँग सञ्चालन भइरहेका सहकारीसँग प्रतिनिधिमूलक छलफल गर्ने, विभिन्न व्यक्तिसँग गरिने सोधपुछको प्राविधिक तयारी र व्यवस्थापन गर्ने, सहकारी संस्थाका लेखापरीक्षकको अनुभवमा आधारित छलफल गर्ने निर्णय गरिएको बताउनुभयो ।रासस

## सिमलताल दुर्घटना :
# बेपत्ताको खोजीमा तीन सय सशस्त्र प्रहरी परिचालित



काठमाण्डु । चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत नारायणगढ-मुग्लिन सडकको सिमलतालमा गत शुक्रबार पहिरामा परी त्रिशूली नदीमा बेपत्ता भएका दुई वटा बसका यात्रीको खोजी गर्न तीन सय एक सशस्त्र प्रहरी परिचालित भएका छन् ।

घटनास्थल सिमलतालदेखि गण्डक ब्यारेजसम्मको करिब एक सय ३२ किलोमिटर क्षेत्रमा उक्त संख्यामा जनशक्ति परिचालित भएको सशस्त्र प्रहरी बल नेपालका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो । दुर्घटनास्थल वरिपरि सशस्त्र प्रहरीको विपद् व्यवस्थापन तालिम शिक्षालय कुनिरटारबाट सशस्त्र प्रहरी उपरीक्षकको कमाण्डमा ११ जना गोताखोरसहित ८६ जनाको सुरक्षा फौज, दुईवटा मोटरबोट र सातवटा र्‍याफ्टबोट परिचालन गरिएका छन् ।

यस्तै सशस्त्र प्रहरी बल नेपाल नं १७ गण चितवनबाट सशस्त्र प्रहरी उपरीक्षकको कमाण्डमा एक सय १५ जनाको सुरक्षा फौज विभिन्न १५ वटा टोली बनाएर घटनास्थल, देवघाटदेखि शिवघाटसम्म, शिवघाटदेखि सिसवारसम्म, सिसवारदेखि गोलघाटसम्म खटाइएको छ।सोहीगणबाट खटिएको फौज सिसवारदेखि गोलाघाटसम्म, आँपटारी, रामनगर, जुगेडी, गाईघाट, देवघाट, पुल्चोक, शिवघाट, गाजीपुर, सिसवार, गोलाघाट लगायतका ठाउँहरूमा परिचालित भएका सहप्रवक्ता थापाले जानकारी दिनुभयो ।

सशस्त्र प्रहरी नं २६ गण पश्चिम नवलपरासीबाट सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा ६० जनाको सुरक्षा फौज गण्डक ब्यारेज इलाकामा खटाइएको छ । सशस्त्र प्रहरी नं ३१ गुल्म पूर्वी नवलपरासीबाट सशस्त्र प्रहरी सहायक निरीक्षकको कमाण्डमा १० जनाको सुरक्षा फौज गैंडाकोट नगरपालिका-१० को इलाकामा परिचालित भएका छन् ।

सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट त्रिवेणीबाट प्रहरी निरीक्षकको कमाण्डमा १० जनाको टोली गण्डक ब्यारेज इलाका, सुरक्षा वेश चोरमाराबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा १० जनाको टोली पूर्वी नवलपरासी जिल्लाको मध्यविन्दु नगरपालिका-३ भुटाहा इलाका र सुरक्षा वेश प्रगतिनगरबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा १० जनाको टोली देवचुली नगरपालिका-१५ खर्कटा इलाकामा खटाइएको छ ।

वीरगञ्जबाट काठमाडौँ आउँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बर र काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बाग्मती प्रदेश ०३-०११ ख २५९५ नम्बरको बस गत असार २८ गते बिहान त्रिशूली नदीमा बेपत्ता भएका थिए । ती बसमा ६५ यात्रु सवार रहेको प्रहरीले जनाएको छ । हालसम्म फेला परेका १५ वटा शव फेला परेको छ । सो मध्ये नौ वटाको सनाखत भएको छ भने बाँकीको सनाखत हुन सकेको छैन ।रासस

# न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजना सार्वजनिक



काठमाण्डु । न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजना (२०८१/८२-२०८५/८६) मंगलबार सार्वजनिक गरिएको छ । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले योजना सार्वजनिक गर्दै न्यायपालिका सुधारका लागि स्पष्ट खाका योजनामा समेटिएको बताउनुभयो ।

"न्यायपालिकाको मुख्य काम स्वच्छ, निष्पक्ष, छिटोछरितो न्याय नै हो, न्यायमा सबैको पहुँच सुनिश्चित गर्न जरुरी छ, सुशासन, जवाफदेहीता र न्यायको समग्र सुधार पाँचौं पञ्चवर्षीय योजनाले गर्नेछ ।"

सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश प्रकाशमानसिंह राउतले न्यायिक सुधारका लागि मुद्दाको सङ्ख्या नै कम गर्नुपर्ने र जनताले आशा गर्ने गरी नतिजामुखी तरिकाले काम गर्नुपर्नेमा जोड दिनुभयो । "न्यायिक सुधार गर्नका लागि मुख्य गरी मुद्दाको सङ्ख्या घटाउनुपर्छ, त्यसमा परिणाम नै दिनुपर्छ", उहाँले भन्नुभयो, "पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयन गर्न सकिने खालको छ, योजनाले सुधारको सपना बोकेको छ ।"

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संविधान र कानुनबमोजिम काम कारबाही गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले कानुन निर्माण र कानुनका व्याख्या गर्दा जनतालाई न्याय पर्ने गरी गर्नुपर्ने उल्लेख गर्नुभयो ।

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायिक सुधारका लागि कानुन व्यवसायी पनि एउटा सरोकारवाला पक्ष भएको र न्यायपालिकाको काममा सम्पूर्ण कानुन व्यवसायी सहयोग गर्न तयार रहेको बताउनुभयो ।

**प्रविधिमा आधारित पञ्चवर्षीय योजना**

न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजनाले सूचना प्रविधिमा आधारित आधुनिक एवम् सुदृढ न्यायपालिकाको मार्गचित्र कोर्ने योजना अघि सारेको छ । मुद्दाको कार्यबोझ बढी भएका अदालतको विशेष व्यवस्थापन, मानव संशोधन विकास र परिचालन, सुशासन प्रवर्द्धन र जवाफेहीता तथा सेवाग्राहीको सुविधा र जनआस्था अभिवृद्धिलाई केन्द्रविन्दुमा राखिएको छ । साथै योजनाको अनुगमन र मूल्याङ्कनमा प्रविधिको प्रयोगमा जोड दिइने योजनामा उल्लेख छ ।

**मुद्दा फछ्र्यौटमा तीव्रता दिने**

योजनाले मुद्दा फर्छ्यौटमा तीव्रता दिने लक्ष्य राखेको छ । सर्वोच्च अदालतमा २०८३ असार मसान्तसम्ममा पाँचवर्ष नाघेका सबै मुद्दा तथा रिट फर्छ्यौट गर्ने, २०८५ असार मसान्तसम्ममा तीन वर्ष नाघेका सबै मुद्दा तथा रिट फर्छ्यौट गर्ने, २०८६ असार मसान्तमा सर्वोच्च अदालतमा दुईवर्ष नाघेका मुद्दा तथा रिट नरहने अवस्थामा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

त्यसैगरी, मुद्दाको समग्र लगतको वार्षिक कम्तीमा ५० प्रतिशत फछ्र्यौट गर्ने लक्ष्यसमेत निर्धारण गरिएको छ । उच्च अदालत र जिल्ला अदालतमा २०७७ सालदेखि मुद्दा व्यवस्थापन पद्धति लागू छ । सरल मार्ग समूहमा रहने मुद्दा तथा रिट निवेदन छ महिनाभित्र फछ्र्यौट गर्ने योजना छ । सामान्य मार्ग समूहमा रहने मुद्दा तथा रिट निवेदन एक वर्षभित्र फर्छ्यौट गर्ने, विशेष मार्ग समूहमा रहने मुद्दा तथा रिट निवेदन १८ महिनाभित्र फछ्र्यौट गर्ने र योजना लागू हुँदा १८ महिना नाघेका मुद्दा तथा रिट निवेदन २०८२ असार मसान्तसम्म फछ्र्यौट गरी शून्यमा ल्याउने लक्ष्य निर्धारण गरिएको छ ।

योजनामा मेलमिलापतर्फ सबै तहका अदालतमा मिलापत्र हुनसक्ने प्रकृतिका मुद्दामध्ये ५० प्रतिशतमा मेलमिलापबाट विवादको समाधान गर्ने लक्ष्य राखिएको छ । फैसलाको तयारीतर्फ सबै अदालतमा कानुनको म्यादभित्र फैसला/अन्तिम आदेश तयार गर्ने र योजना लागू हुँदा तयार गर्न बाँकी फैसला/आदेश २०८१ पुससम्म तयार गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

फैसला कार्यान्वयनतर्फ देवानी तथा फौजदारी मुद्दामा फैसला अन्तिम भई कायम भएको लगतबमोजिम फैसला कार्यान्वयनसम्बन्धी निवेदन छ महिनाभित्र फछ्र्यौट गर्ने उल्लेख छ । फौजदारी मुद्दामा फैसला अन्तिम भई कायम भएको कैद, जरिवाना, सरकारी बिगो र अपराधपीडितलाई भराउनुपर्ने क्षतिपूर्ति प्रत्येक वर्ष कम्तीमा सो वर्ष कायम हुने लगत असुल गर्ने, फौजदारी मुद्दाको योजना लागू हुँदा बाँकी रहेको लगतमध्ये प्रत्येक वर्ष १० प्रतिशत कम गरी योजना अवधिमा ५० प्रतिशत बक्यौता कम गर्ने लक्ष्य निर्धारण भएको छ ।

**मुद्दा व्यवस्थापन तथा न्याय सम्पादनलाई प्रभावकारी बनाउने**

मुद्दा व्यवस्थापन तथा न्याय सम्पादनलाई प्रभावकारी बनाउन क्षेत्राधिकारसम्बन्धी विद्यमान कानुनी व्यवस्थामा सुधार गर्ने, पुराना बक्यौता मुद्दा फर्छ्यौटसम्बन्धी विशेष कार्ययोजना निर्माण र कार्यान्वयन, संवैधानिक इजलासको प्रभावकारी व्यवस्थापन, मुद्दामा अङ्ग पुगेको बेहोरा सुनिश्चित गरी पेसी चढाउने विद्युतीय पद्धतिको विकास, इजलास तथा सुनुवाइ व्यवस्थापन, मुद्दाको प्रक्रियागत एकरूपता र सहजताका लागि मापदण्डको निर्माण समेतका कार्यक्रम समावेश गरिएको छ । कार्यबोझ बढी भएका अदालतको व्यवस्थापनलाई योजनाले विशेष प्राथमिकतामा राखी त्यस्ता अदालतमा बजेटलगायतको स्रोतसाधन र जनशक्तिको पर्याप्त व्यवस्थापन गर्ने समेतका कार्यक्रम निर्धारण गरिएको छ ।

छिटोछरितो, प्रभावकारी, पारदर्शी र अनुमानयोग्य बनाउने उद्देश्यले जिल्ला, उच्च अदालतका नियमावली र दिग्दर्शनमा सुधार तथा सफ्टवेयरमा परिमार्जन, पद्धति कार्यान्वयन गर्न अदालतमा आवश्यक कम्प्युटर, प्रिन्टर, स्क्यानर, इन्टरनेट ब्याण्डबीथ, पावर ब्याकअपलगायतका पूर्वाधार तथा जनशक्तिको व्यवस्थापन, सरोकारवालाको सहयोग परिचालन, जनशक्तिको क्षमता अभिवृद्धिलगायतका कार्यक्रम समावेश गरिएको छ । मुद्दा सम्पादनमा गुणस्तरीयता अभिवृद्धि गर्दै अदालतमा उपयुक्त कार्य वातावरण निर्माण, न्यायाधीशबीच विधि शास्त्रीय विकास तथा अनुभवको आदानप्रदान समेतका कार्यक्रम निर्धारण गरिएको छ ।

साथै फैसला लेखन र तयारीमा शीघ्रताका दिनका लागि जनशक्तिको व्यवस्थापन र परिचालनलगायतको कार्य वातावरण निर्माण गर्ने, फैसला लेखनसम्बन्धी तालिम, प्रोत्साहन र उत्प्रेरणा तथा योजना लागू हुँदा बाँकी रहेका फैसलाको तयारीका लागि विशेष कार्यक्रमसहितको जनशक्ति परिचालन समेतका कार्यक्रम निर्धारण गरिएको छ । त्यस्तै, मेलमिलाप पद्धतिलाई सुदृढ बनाउन पद्धतिगत सुधारका क्षेत्रको पहिचान गने, प्रवर्द्धनात्मक कार्यक्रमको सञ्चालन गर्ने, मेलमिलाप केन्द्रको सुधार र विस्तार गर्ने, मेलमिलापकर्ताको विशेषज्ञता र व्यावसायिकतासम्बन्धी नीति निर्माण र मेलमिलापको प्रभावकारी अनुगमन लगायतका कार्यक्रम रहेका छन् ।

**मुख्य प्राथमिकतामा सुशासन र जनआस्था**

पाँचौं पञ्चवर्षीय योजनामा सुशासन र जनआस्थालाई प्राथमिकतामा राखी विभिन्न रणनीतिक कार्यक्रम प्रस्ताव गरिएको छ । न्यायपालिकाको स्वतन्त्रता, स्वायत्तता तथा न्यायिक सुशासनसम्बन्धी मूल्य मान्यताको प्रवर्द्धनका लागि अवधारणागत, नीतिगत तथा कार्यान्वयन तहमा गर्नुपर्ने सुधारका क्षेत्रको पहिचान गरी सम्बोधन गर्ने कार्यक्रम समावेश गरिएको छ ।

**मुद्दा फर्छ्यौटमा सूचना प्रविधिको प्रयोग**

सार्वजनिक सेवा प्रवाहलाई सरल, व्यवस्थित, पारदर्शी, मितव्ययी र प्रभावकारी बनाउन सूचना प्रविधिलाई महत्वपूर्ण औजारका रुपमा स्थापित गर्ने उल्लेख छ । सूचना प्रविधिको माध्यमबाट न्यायिक काम कारबाहीलाई व्यवस्थित, पारदर्शी एवम् अनुमानयोग्य बनाइ समग्र न्याय सम्पादनको प्रभावकारिता र न्यायमा सहज पहुँच अभिवृद्धि गर्ने प्रयासलाई थप प्रोत्साहन गर्ने रहेको छ ।

न्यायपालिकामा सूचना प्रविधिको विकास र दीगो व्यवस्थापनका लागि, सूचना प्रविधिसम्बन्धी दीर्घकालीन नीति बनाउने, अदालतमा कोर्टरुम प्रविधिको प्रयोगका लागि पूर्वाधारको विकास गर्ने, मुद्दाको अनलाइन दर्ता गरी अभिलेखको विद्युतीय विकासको रणनीति पनि उल्लेख छ ।

**मानव संशोधन तथा भौतिक पूर्वाधार**

रणनीतिक योजनामा मानव संशाधन र भौतिक पूर्वाधार सङ्गठनको उद्देश्य प्राप्तिका लागि अपरिहार्य पक्ष रहेको हुँदा योजनामा मानव संशोधन विकासका लागि दीर्घकालीन नीतिको तर्जुमा गरिने उल्लेख छ ।

न्यायपालिकामा कार्यरत जनशक्तिको व्यवस्थापन, परिचालन तथा उत्प्रेरणासम्बन्धी नीति निर्माण, न्यायाधीशलगायत न्यायिक जनशक्ति निर्माण, स्वास्थ्य उपचार, बीमालगायतका नीति निर्माण गरिने उल्लेख छ । जनशक्तिको क्षमता अभिवृद्धिलगायतका कार्यक्रम समावेश, भौतिक पूर्वाधार निर्माण र सुधार, कम्प्युटरलगायतका उपकरणको व्यवस्थापनसम्बन्धी विभिन्न कार्यक्रम समावेश गर्ने योजना पनि समेटिएको छ ।

योजना तर्जुमा समूहका संयोजक उच्च अदालत पाटनका न्यायाधीश लालबहादुर कुँवरले न्यायापालिकाको चौँथो पञ्चवर्षीय रणनीतिक योजनाको प्रगति समीक्षा गरी न्यायपालिकाले पाँचौं पञ्चवर्षीय योजना बनाएको र न्यायिक सुधारको राम्रो योजना भएको बताउनुभयो । उक्त योजनामा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि पाँच वर्षमा रु २६ अर्ब २२ करोड ७२ लाख २० हजार बजेट आवश्यक भएको अनुमान गरिएको उहाँको भनाइ छ ।रासस

# मनसुनी विपद्मा चौबिस घण्टामा सात जनाको मृत्यु



काठमाण्डु । गएको चौबिस घण्टामा मनसुनी विपद्मा परी सात जनाको मृत्यु भएको छ । मनसुन अवधिमा बाढी, पहिरोलगायतका विपद्मा परी हालसम्म एक सय २० जनाको मृत्यु भइसकेको छ। गत जेठ २८ देखि आजसम्ममा उनीहरुको मृत्यु भएको हो ।

उक्त अवधिमा एक सय ३५ जना घाइते भएको केन्द्रीय प्रहरी प्रवक्ता, प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो । बाढी, पहिरोलगायतका विपद्मा परी काठमाडौँ उपत्यकामा दुई, कोशी प्रदेशमा २२, मधेस प्रदेशमा पाँच, बागमती प्रदेशमा १५, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा आठ गरी जम्मा एक सय २० जनाको मृत्यु भएको हो ।

काठमाडौँ उपत्यकामा आठ, कोशी प्रदेशमा ३४, मधेस प्रदेशमा नौ, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा २८, लुम्बिनी प्रदेशमा नौ, कर्णाली प्रदेशमा २९ र सुदूरपश्चिम प्रदेशमा ११ गरी जम्मा एक सय ३५ जना घाइते भएको कार्कीले बताउनुभयो ।बाढीका कारण एक सय ८२ घर डुबानमा परेका छन् । दुई सय १३ वटा घर, ७९ वटा गोठ, ४३ वटा पुल, एक वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ । कूल पाँच सय ८१ वटा पशुचौपायको मृत्यु भएको छ ।

उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार छ सय ५२ घर परिवार विस्थापित भएका छन् । साथै बाढीपहिरोको जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएको धनमाल निकालेर सुरक्षा गर्ने र सडकमा भएका अवरोध हटाइएको प्रहरीले जनाएको छ ।रासस

# सार्वजनिक पुस्तकालय: विद्यार्थीका लागि फुर्सदको साथी

काठमाण्डु । भृकुटीमण्डपमा रहेको काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालय थुप्रै विद्यार्थीको फुर्सदको साथी बनेको छ । पुस्तकालयमा राजनीति, चिकित्सा, व्यवसाय, धार्मिक, इतिहास, कृषि, कानुन सबै विषयका साथै उपन्यास, कथा, कविताका देशी तथा विदेशी किताब पढ्न पाइन्छ । पुस्तकालयमा सबै उमेर समूहका पाठक आउने गरेका छन् ।


शनिबार पनि पुस्तकालय खुल्ने भएकाले विद्यालयका विद्यार्थीको भिड हुने गर्छ । विगत १३ वर्षदेखि वरिष्ठ लाइब्रेरियनका रुपमा कार्यरत रितेश श्रेष्ठका अनुसार पुस्तकालयमा दुई वटा शाखा छन् । जस्मा ६० हजारभन्दा बढी किताब छन् । पुस्तकालयमा विभिन्न प्रकारका किताब राखिएको छ । विद्यार्थी, व्यवसायी, धार्मिक व्यक्ति वा कुनै पनि विषयको अध्ययन गर्न रुचाउने व्यक्तिका लागि पुस्तकालय एउटा साझा ठाउँ हो ।

पुस्तकालयका लाइब्रेरियन लक्ष्मी खतिवडाअनुसार पुस्तकालयमा आउने मानिसहरु प्रायः लोकसेवा तयारीका लागि आउँछन् । साथै कलेजमा अध्ययनरत विद्यार्थीलगायत धार्मिक र इतिहासमा रुचि राख्ने व्यक्ति पनि आउने गरेका छन् । पुस्तकालयमा आएर किताब पढ्नेको सङ्ख्या बढ्न थालेपछि कहिलेकाँही बस्ने ठाउँको समेत अभाव हुने गरेको छ ।

वरिष्ठ लाइब्रेरियन श्रेष्ठका अनुसार पुस्तकालयमा कुर्सी थप्ने र धेरैभन्दा धेरै पढ्ने ठाउँ बनाउनका लागि सञ्चालन समिति लागि परेको छ । हाल दैनिक एक सय ५० देखि दुई सय जनासम्म अध्ययनकर्ता आउने गरेका छन् । यो पुस्तकालय विसं २०६० देखि सञ्चालन हुँदै आइरहेको छ । पूर्वमन्त्री डा नारायण खड्का संस्थापक अध्यक्ष रहेको पुस्तकालयका सञ्चालन समितिका संस्थापक अध्यक्षमा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा गोविन्दराज पोखरेल हुनुहुन्छ ।

विसं २०६० सालमा पूर्वमन्त्री एंव नेपाली कांग्रेसका नेता डा खड्काको नेतृत्वमा पुस्तकालयको स्थापना भएको थियो । पुस्तकालयले हाल राष्ट्रिय सभागृहको एउटा कोठाबाट विद्युतीय पुस्तकालय सेवाका साथै पुस्तकालय विज्ञान र व्यवास्थापनबारे तीन महिने व्यावसायिक कोर्समा आधारित तालिम पनि सञ्चालन गर्दै आएको छ । पुस्तकालयको मूल उद्देश्य समाजलाई शिक्षित, सभ्य, लोकतान्त्रिक र शान्तिपूर्ण बनाउनु हो ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कुनीतिको दबदबा

मधेश प्रदेशका सरकारका नेतृत्वकर्ताहरुले प्रदेशलाई समृद्धिको बाटोमा डोऱ्याउन सकिरहेका छैनन् । मुख्यमन्त्रीहरु लालबाबु राउत , सरोजकुमार यादवको सरकारले नीति तथा कार्यक्रम अनुरुपको बजेट र योजना नल्याउने प्रवृत्तिबाट आक्रान्त रहयो भने मुख्यमन्त्री सतीशकुमार सिंह बजेट काण्डको जालोमा परेका छन् । मुख्यमन्त्री सिंहका सारथी अर्थमन्त्री भरतकुमार साहले बजेट ह्याकको नाटक मञ्चन गराइ सत्ताबाट नै बाहिर गइसकेका छन भने मुख्यमन्त्री सिंह छानबिनका लागि समिति गठनको परम्परागत प्रक्रियागत शैली अपनाइ सत्ता सञ्चालनप्रति उठने सवाललाई शान्त पार्ने रणनीतिमा छन् । मुख्य रुपले सरकारले समृद्धिको गन्तव्यतर्फ नजानुमा अपारदर्शिता , आनाकानी , बैचारिक विचलन , कुशासनको कुतर्कनाको जालोलाई लिन सकिन्छ । मुख्यमन्त्रीदेखि मन्त्री , प्रदेश सचिव कुनीतिको दबदबामा छन् । परिणामतः सत्ता कुटिलतामा अल्भ्फेर विडम्बनाको पासोमा छ । यी अवस्थाले सरकारका गतिविधि पनि छर्लङ्ग हुन्छ । यस्तोमा सरकार नेतृत्व गर्ने सारथीको कुशलता निर्णायक हुन्छ । सारथी स्वयम् ऐन , कानून , कार्यविधिको पालना गर्दै निर्णय गराउँदा सचेत हुनु पर्दछ । अविश्वासको तगारोलाई हटाउने क्षमता राख्नु पर्दछ । सरकार मौखिक आदेश र भाषणमा सञ्चालन हुनु हुँदैन । मौखिक आदेश र भाषणमा सरकारको प्रतिबद्धता बेटुङ्गोपन हो । संयन्त्र रनभुल्ल पार्ने क्रियाकलापले असहाय ,दीनजनलाई झन निर्धो पार्ने गर्छ , अन्ततः यात्रा र परिणाम अनिश्चिय हुन्छ । संघीय सरकारमा नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनको सहमति अनुरुप जनमत पार्टीले यस प्रदेशको सरकारको नेतृत्व गरे पनि मन्त्रालय भागबण्डामा नै असहमति उत्पन्नले सरकार आशंका , त्रास र चिन्ताको त्रिपक्षी भुमरीमा परेको छ । नेतृत्वकर्ताको मानसिकतमा दम्भ भन्दा शासन सञ्चालनको भविष्य हुनुपर्छ , त्यो भएन भने स्वार्थले प्रश्रय पाउँछ ।ईर्ष्या रिसको जघन्य विष विस्तार हुन्छ । उत्पाती अपसंस्कृति पलाउँछ । संरचनामा नै विचलन ल्याउँछ । आक्रोशले भ्रम उत्पन्न हुन्छ भने भ्रमले बुद्धि व्यग्र हुन्छ । यस्तो अवस्थामा तर्क नष्ट भइ व्यक्तिको पतन हुनेको सत्यतालाई नेतृत्वकर्ताले अंगीकार गरी बेथितिबाट निकासको बाटोमा लाग्नु जरुरी हुन्छ । यसबाट नै पद्धति चलायमान बन्न गइ सरकारको सार्थकताको अनुभूति गराउन सक्छ । सफलता र असफलताको यात्रामा निष्ठाले महत्वपूर्ण भूमिका निर्वाह गरी बेथितिको सञ्जालबाट मुक्ति दिन्छ । अतः सरकारका नेतृत्वकर्ताले आफ्नो कार्यकालको तीखा बाण बनी प्रश्नका सुइराको ओइरोमा लाग्ने गतिविधि बन्द गर्नुपर्छ , त्यसले नै सरकारप्रतिको आस्थाका पर्खाल दिगो र बलियो पार्न सक्छ ।

## ओझेलमा परेको एतिहासिक मन्दिर

# श्रीराम जानकी सुब्बा कुटि



प्रफुल्ल घिमिरे

प्राचीन एतिहासिक श्रीराम जानकी मन्दिर सुब्बा कुटि धनुषा जिल्लाको धनुषा धाम नगर पालिका वडा न १ मा कासिपुर कालाबञ्जरमा चार बिघा पाँच कठ्ठा एघार धुरको क्षेत्रफलमा अवस्थित छ।

जनकपुर धामबाट धनुषा धाम जाँदा सो मार्गमा धनुष आकारको प्रवेश द्वार छ। यस प्रवेश द्वारको ठिक दक्षिण तर्फ सुब्बा कुटि तलाउ छ। तलाउको दक्षिण तर्फको डिलका छेउमा नै चारैतिरबाट पर्खालले घेरिएका घेराभित्र यो प्राचीन मन्दिर रहेको छ। पुर्व तर्फ फर्केका मन्दिरको गर्भ गृहमा श्रीराम जानकी , श्रीराधाकृष्ण, बाल गोपाल र श्री नरसिंह भगवानको मुर्तिहरु बिराजमान रहेका छून ।

यहाँ बिराजमान रहेका भगवानका विभिन्न चाड पर्वहरु धुमधाम संग मनाउने गरिन्छ। झुलन, कृष्ण अष्टमी, विवाह पञ्चमी, राम नवमी, जानकी नवमी, नरसिंह जयन्तीमा राम्रै भिड भाड हुने गर्छ । पन्द्र दिने मिथिला मध्य परिक्रमा र धनुषा धामको मेलामा समेत यो कुटि भक्तजनहरुले भरिभराउ हुने गर्छ।

यहाँ रहेका नरसिंह भगवानका सम्बन्धमा सुब्बा कुटिका व्यवस्थापन समितिका अध्यक्ष व्रजेन्द्र मिश्रले भन्दछन- "यि भगवान मिश्र परिवारका कुल हुन ।

प्रारम्भकालमा मिश्र परिवारका कुलका रुपमा रहेका श्रीबिष्णुका चौथो अवतार श्रीनरसिंह भगवानको मन्दिरको रुपमा यो कुटि रहेको थियो। जानकी मन्दिरको महल बन्नु पुर्व देखि नै रहेको यो प्राचीन मन्दिर हो। पछि गएर श्रीराम जानकी लगायतका देवताहरु यस मन्दिरमा बिराजमान गराइएको हो ।"

हुनत यो मन्दिरलाई "सुब्बा कुटि"को नाउँबाट सम्बोधन गर्ने गरिन्छ।" सुब्बा कुटि"को नाउँले सम्बोधन हुनुको रोचक प्रसंग रहेको छ।

पुर्व कालका समयमा यो क्षेत्र पुर्ण रुपले बन जङ्गलले ढाकिएको थियो। मानिसहरू दक्षिण तर्फबाट आएर बन जङ्गल फडानी गरि खेती गर्ने गर्थे । तत्कालीन राज्यका प्रशासनिक निकायका मान्छे त्यहाँ पुग्दा मानिसहरको भागाभाग हुने गर्दथ्यो। यो देखेर जिल्ला महोत्तरी पिपरा गाविस बस्ने कौसलिय मिश्र भन्ने व्यक्ति राजदरबारमा बिन्ती चढाउन पुगे । तत्कालीन राजालाई त्यहाँका यथार्थ अवस्थाको चित्रण गर्दै त्यसलाई राज्यद्वारा नै बन्दोबस्त गरि कुतबाली लिदा राज्यको आम्दानी बढेर आर्थिक विकास हुने कुरा जाहेर गरेका थिए। यी कुरा सुने पश्चात् राजाले उनलाई सुब्बाको उपाधी दिए र उनको नाउँमा कमला देखि पश्चिम बागमती देखि पुर्व चुरे देखि दक्षिण भारतको सिमा सम्म पञ्चशाला बन्दोबस्ती गरिदिए ।

काठमाडौबाट फर्किने कर्ममा सिन्धुलीबाट जनकपुर धाम जाने मार्गमा रहेको जङ्गलमा बाघले यिनलाई मार्न पुग्यो। त्यस दिनदेखि त्यस ठाउँलाई बाहुन मारा भनेर सम्बोधन हुन थाल्यो । पछि आएर त्यस ठाउँको नाउँ नै बाहुन मारा हुन पुग्यो।

केही समय पश्चात् कौसलिय मिश्रका जेठा नाति गिरिजा दत्त मिश्रले दरबारमा गएर हजुरबुबाले बन्दोबस्ती पाएको कुरा वृतान्त गर्दा बि.स.१८९२ मा तत्कालीन राजा श्री राजेन्द्र शाह बाट जनरल भिमसेन थापले गुठी सञ्चालनकोलागि महोत्तरी प्रङ्गना महुतरि मध्ये पर्साका अबादी बैरानी जमीन एक सय साढे पैतिस बिघा जग्गा पोखरी बनाई त्यस पोखरिलाई गुठी राख्न दिएको बिर्ता १९९६ सालमा सुब्बा कुलानन्द झा मार्फत जब्द भएको रहेछ । पछि जांच कमिसनका राजदरबारका सुब्बा हिरा लाल झाले जाँची बुझी गुठी राखेको ठहराई १९९८ साल देखि छोडिदिएको रहेछन। गूठी राखेको कुरा प्रष्टाउँदा राजा राजेन्द्र शाहले उक्त बिर्ता लाल मोहर तामापत्र बमोजिम तिमिहरुले गूठी राख्या गुठी थामी बहाल गरि बक्स्यौ ....पोखरीको गूठी सदावर्त चलाई शेष रहेको भोग गर भनी बि.स.१९०० श्रावण ३० गतेका दिन गिरिजा दत्त मिश्रलाई लाल मोहर पूनः प्रदान गरे ।

उक्त पाएका बिर्ताका जग्गा जमिनको आयस्थाबाट भगवानको भोग राग, साधु सन्तको सेवा सत्कार ,भण्डारा मेला जात्रा सदाव्रत हुन थाल्यो। यी जग्गाको आयस्थाबाट मात्र सदाव्रत सञ्चालनमा न कठिनाइ उत्पन्न हुन थाल्यो । गिरिजा दत्त मिश्रका संतानले बिर्ता पाएका जग्गाको मालपोतले भगवानको भोग रागमा अप्ठ्यारो परेको भनेर दरबारमा पुनः बिन्तिपत्र चढाँए। थप सय बिघा जग्गा उक्त गुठिमा राजाले प्रदान गरिदिए। जसमा बाईस बिघा भूतही पटेर्वा, पाँच बिघा ज्योत्सिन जमीन तारसरायमा, रैतान नम्बरी साढे पचपन बिघा बाला बाखरमा र ढुबरकोट हातिलेटबा अन्तर्गत मोगंराहा ईश्वर बारामा पन्द्र बिघा रैतान नम्बरी गरिदिए।

यी जग्गाहरु २०२६ सालमा सर्वे नापी हुँदा नापिमा जग्ग धनिमा गुठी संस्थानको नाउमा लेखिन पुग्यो। उक्त जग्गाहरुको हाल सम्म लाल पुर्जा निस्कन सकेको छैन।

जबकि निजि गुठिको रुपमा स्थापित हुन पुगेको श्रीराम जानकी सुब्बा कुटि २०३४ /१२/२४ मा निजि गुठिबाट राजगुठिमा परिणत भयो। गुठी संस्थानले व्यवस्थापन समिति बनाएर उक्त गुठीलाई सञ्चालन गर्न थाल्यो ।

उक्त कुटि सञ्चालनका लागि बनेका व्यवस्थापन समितिका अध्यक्षहरु बलराम सिह कार्की , देब नारायन यादव , राज किशोर यादव बनेका थिए। तर राजनीतिज्ञहरु अध्यक्ष बन्दा उनिहरुले उक्त कुटिमा समय दिन नसक्दा उक्त गुठिको अवस्था खल्बलिन थाल्यो । जग्गा जमिनहरु अतिक्रमण हुन थाले। राम्रो संग संरक्षण सम्बर्द्धन हुन सकेन । कुत बालीहरु उठाउन गाऱ्हो थियो। जग्गाहरुको प्रमाण पुर्जाहरु बनाउन सकिएको थिएन । पछि गएर बि.स.२०५३ सालमा लालमोहर, ताम पत्र प्राप्त गरेका मिश्र परिवारका देवेन्द्र मिश्रको अध्यक्षतामा ब्यबस्थापन समिती गठन भयो। यिनी पछि मिश्रै परिवारका क्रमशः नतेन्द्र मिश्र , विपिन कुमार मिश्र , हरि नन्दन मिश्र , नरेन्द्र मोहन मिश्र अध्यक्ष भएर उक्त कुटिको व्यवस्थापन गर्दै आए। हाल उक्त कुटिका अध्यक्ष ब्रजेन्द्र मिश्र रहेका छून। त्यस बेला देखि नै हाल सम्म मिश्र परिवारका नै अध्यक्षतामा व्यवस्थापन समिति गठन भएर सञ्चालन हुदै आइरहेको छ। मिश्र परिवारका अध्यक्ष हुँदा हराइरहेका जग्गा जमिनको संरक्षण सम्बर्द्धन तर्फ कार्यहरू अगाडि बढ्न थाल्यो। सालौं साल देखि कुत बालि,मालपोत नदिइरहेका आसमिहरुसँग असुल उपर हुन थालेका छन । मन्दिरको जिर्णोद्धार भयो। जग्गा जमिनहरुका प्रमाण पुर्जाहरु बनाइए। हाल सम्म लगभग पचासी सतासी बिघाको



प्रमाण पुर्जा बनाइ सकिएको कुरा दाता परिवारका सदस्य सुब्बा कुटिका कर्मचारी हिरेन्द्र कुमार मिश्र बताउद छून। ताम पत्र, लाल मोहरबाट राजा राजेन्द्र शाहले प्रदान गरेका लगभग दुई सय साढे पैंतीस बिघा जग्गा रहेकोमा पचासी सतासी बिघाको लगत मात्र खडा भएको छ। यसै जग्गामा धनुषा धाम धर्मशाला पनि पर्दछ। यो कुटि कै अन्तर्गत रहेको छ।

विभिन्न राजनीतिक कालखण्डमा मत प्राप्त गर्ने लोभमा त्यस भेगका राजनीतिज्ञहरुले मन्दिरको आफ्नो स्वामित्व रहेको जग्गाहरुमा अनाधिकृत रुपले जब्बर जस्ती बस्ती बसाली दिएका छून। अतिक्रमित जग्गाहरु मन्दिरले चर्चेको जग्गा हो।

यो कुटिको लगभग दुइ सय मिटर पुर्व मख्खन बाबाको कुटि छ। कुटिको उत्तर तर्फ प्राचीन तलाउ छ । यो तलाउलाई पनि सुब्बा कुटि तलाउ भनिने गरिन्छ। यहाँ जिवितै समाधी लिएका सिद्ध पुरुष महात्मा मख्खन बाबाको समाधी स्थल छ। श्रीराम जानकी र लक्ष्मणजिको मन्दिर पनि छ। यो सुब्बा कुटि कै अन्तर्गत रहेको छ। मख्खन बाबा सिद्ध महात्मा हुनुहुन्थ्यो।

उनले जिउदैं समाधि लिएका तथा यीनका सम्बन्धमा अन्य विभिन्न जनश्रूतिहरु रहेका छून । गाँउलेहरु बढी रोचक ढंगबाट सुनाउने गर्दछन।

एक जनश्रुति अनुसार - दरबारका मान्छे एकदिन वहाँका कुत लिन पुगेछ। कुत देउ भन्दा म जोगि मान्छे कहाँबाट दिउं ? बरु गोठमा गाई वस्तुहरु छन, त्यही लिएर जाउ भन्दा ती व्यक्ति गाई वस्तु लिन भनी गोठ तर्फ लागे । गोठमा हेर्दा त बाघै बाघ देख्न पुगेछ र त्यहाँबाट कुतै न लिइ कुलेलम ठोक्यो। त्यस घटना पश्चात् यी महात्माकहाँ कुत लिन कोइ पुग्दैन थिए ।

यिनले जिवितै समाधी लिएको सम्बन्धमा पनि रोचक प्रसंग जनश्रूतिको रुपमा सुन्न पाइन्छ । यस सन्दर्भमा धनुषा गोबिन्दपुर वाड न.१ बस्ने जितेन्द्र यादव भन्दछून - एक समयमा गाउँ भरी हैजाको महामारी फैलिएछ। मानिसहरू भकाभक मर्न थाले । गाउँलेहरुले बाबालाई गुहार लगाउन पुगे। यी सिद्ध महात्मा मख्खन बाबाले भगवतीको आराधना गरे। भ्गवतिको दर्शन पश्चात् गाउँमा भैरहेका बिध्न बाधा तथा मानिसहरु मरि रहेकाले यसलाई रोक्न आग्रह गर्दा भगवतीले भनिन- तिमि आफुलाई बलि दिन सक्छौं ? सिद्धि प्राप्त गरेका यी बाबाले दिन्छु भनेर भगवतीका वचनलाई स्विकार गरेछन । गाउँमा अमन चयन कायम भयो। बाबाले आफैले खाल्डो खन्न लगाएर जिवितै समाधी लिएका हुन। त्यहाँ आफुले मागेका मनोकामनाहरु पूरा हुने जन विश्वास रहिआएको छ। हराएका समानहरु पत्ता लगाउन मानिसहरू उक्त ठाउँमा पुग्ने गर्छून। त्यहाँ सलामी राखेपछि पुजारीले बताइदिने गर्छून। अहिले पनि मानिसहरू पुग्ने गरेका छून। आफुले चिताएको कुरा पुगेपछि तथा हराएका कुरा पत्ता लागेपछि मानिसहरू त्यहाँ भण्डारा गर्छून । प्रायजसो भण्डारा त्यहाँ चलिरहेको हुन्छ।

उक्त कुटिमा चौध बिघा जग्गा रहेको छ। जसमा करिब सात बिघा जग्गा बलुवा नदिले खाइदिएको छ। बाँकी रहेका जग्गामा अतिक्रमण गरेर घरहरू बनाइएका छून। यो धनुषा धाम मार्गमा रहेको अति रमणीय स्थल हो। यसको संरक्षण सम्बर्द्धन गर्न सके धार्मिक पर्यटकिय केन्द्रको रुपमा स्थापित गर्न सकिन्थ्यो कि ! अस्तु

# लुतो फ्याक्ने पर्व: हराउँदै गएको चलन



प्राडा तीर्थप्रसाद मिश्र

बाह्रै महिनामा विविध पर्व तथा उत्सव मनाई रमाउने नेपाली समाजको विशेषता नै हो । यस्ता रीतिरिवाजले नेपालको आफ्नै संस्कृतिको पहिचान र गरिमा बढाएका छन् । नेपालीहरूले श्रावण महिनालाई अत्यन्तै पवित्र महिनाका रूपमा लिने गरेका छन्, यस्ता अनेकौं दृष्टान्त छन् । साना-ठूला गरी धेरै चाडपर्व यस महिनामा मनाइन्छन् भने अन्य चाडबाडको प्रारम्भ पनि श्रावणबाटै हुने गर्दछ । यसै दिनदेखि सूर्य कर्कट राशिमा प्रवेश गरेर उत्तरायणबाट दक्षिणायण लाग्ने हुँदा यसलाई कर्कट सङ्क्रान्ति पनि भनिन्छ । यसै दिन नेपाली समाजमा लुतो फ्याँक्ने चलन चलेपछि यसलाई लुते सङ्क्रान्ति पनि भन्न थालियो ।

सबै चाडपर्व, रीतिरिवाज, परम्परा आदि तत्कालीन समयको इतिहास बुझ्न सहयोगी हुन्छन् । कतिपय चाडपर्व, उत्सव मनोरञ्जनसँग सम्बन्धित थिए भने कतिपय स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने खालका छन् । यी कतिपय पर्वमा जनश्रुति एवं धार्मिक कथा गाथा जोडिँदा नयाँ पुस्तालाई अपेक्षाकृत रूपमा आकर्षण गर्न नसकिएको हो । धर्म र पापका दृष्टान्त दिएर सत्कर्ममा सबै अग्रसर होउन् भन्ने प्रयोजनले हो, अन्धभक्त बनाउन किमार्थ होइन । आज हिन्दू धर्मका कतिपय ग्रन्थहरूको मूल मर्म विपरीत कथा गाथा प्रचारप्रसार हुँदा भोलिका पुस्तामा संस्कृति र परम्पराप्रति अनास्था पैदा हुने र उत्साह हराउने सम्भावना छ । यसै कारण होला लुतो फ्याक्ने प्रचलन हराउँदै गएको छ । लुतो फ्याक्ने प्रचलनलाई सुक्ष्म दृष्टिले हेरेमा यो मनोरञ्जनको माध्यम हो, स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने माध्यम हो । नेपालको कृषिप्रधान युगको संस्कृति हो, तत्कालीन समाजको जनविश्वास पनि हो ।

नेपाली समाजमा साउने र माघे सङ्क्रान्तिलाई परिवार मिलन समारोहका रूपमा लिने गरिएको छ । साउने सङ्क्रान्तिमा चेलीबेटी तथा ज्वाइँ वा अन्य पाहुनालाई आमन्त्रण गरी आफ्नो गच्छेअनुसारको परिकार तयार गरी भोजन गराउने चलन छ । विगतमा यी दुवै सङ्क्रान्तिमा सार्वजनिक बिदा दिने गरिएको कुरा इतिहासले बताउँछ । लुतो फ्याक्ने चलन सिधा स्वास्थ्यसँग जोडिएको संस्कार हो । खेतीपातीमा धमाधम हुँदा केटाकेटीको स्वास्थ्यमा उति ध्यान पुगेको देखिँदैन । हिलो र फोहोरमा हिँडडुल गर्दा लुतो लाग्ने गर्दथ्यो ।

रोगव्याधीलगायतका समस्या सरुवारोगसम्बन्धी जनचेतनाको कमीले गर्दा हुने हो तर कुनै अनिष्ट प्रकृतिका कारण रोगव्याधी आएको हो भन्ने तत्कालीन जनविश्वास थियो । त्यतिबेला सिमेभूमे, भूतप्रेत तथा पिसाच आदिको कुदृष्टिले रोग लागेको विश्वास व्याप्त थियो । यस्तो विश्वास धामीझाँक्री, झारफुके तथा जान्ने जस्ताले जगाइदिएका थिए । तर पनि आहारविहारमा नियन्त्रण नहुँदा रोग लागेको हो भन्ने चेत भने हाम्रा पुर्खामा थियो । त्यसैले सचेतना गराउने उद्देश्यले पनि यो लुतो फ्याक्ने संस्कार विकसित भएको अनुमान गर्न सकिन्छ ।

लुतो फ्याक्ने प्रचलन कहिले कसरी सुरु भयो यकिन गर्न भने सकिएको छैन तर यो प्रचलन खस साम्राज्यबाट सुरु भयो भन्ने अनुमान गर्न सकिन्छ । कालान्तरमा सोही साम्राज्य विखण्डन हुन गई बाइसी र चौबीसी राज्यहरू भए । खस भाषीहरूको बसाइँसराइ गर्दै पुगेको स्थानमा अरू पर्व जस्तै यो पर्व पनि पुगेको अनुमान गर्न सकिन्छ । हाल प्रचलित अनेकौं पर्व चाडपर्वहरूको जननी खस साम्राज्य नै थियो । खस साम्राज्यले नेपालको इतिहास र संस्कृतिमा पुऱ्याएको योगदान बुझ्न पनि यो लुते पर्व सहयोगी भएको छ । आजसम्म पनि यसै कारणले होला सुदूरपश्चिम प्रदेशमा साउन १ गते सार्वजनिक बिदा दिइन्छ ।

श्रावण १ गते पारिवारिक पूर्णमिलन समारोहको कार्यक्रम बिहान दिउँसो हुने गर्दछ भने बेलुका कन्दारकको पूजा आराधना गरी लुतो फ्याक्ने क्रिया गरिन्थ्यो । विशेषगरी केटाकेटीहरू वनजङ्गलमा गई भलायोको पात, उन्यौ, तिउरी, पानीसरो, देवीसरो, कुकुरडाइनो, धसिङ्गरेको बोट, तीतेपाती, कुरिलो, सिउँडी, सिस्नो, पानीअमला जस्ता वनस्पति सङ्कलन गरेर घर ल्याउँछन् । यसैगरी मौसम अनुसारका फलफूलहरू निबुवा, अम्बा, आरुबखडा, आलुचा, आरु, जुनार, सुन्तला, संखत्रो, नासपातीजस्ता फलफूल जम्मा गर्ने र आँगनमा तुलसीको मोठनजिक बासका साना साना कप्टेराका खुट्टा बनाई मण्डप बनाइन्छ । सो मण्डपको छेउछेउमा धान र चमरा सहित मकैको बोट उठाएर राखिन्छ । मण्डपमा केराको पात बिछ्याएर सङ्कलन गरिएका वनस्पति र फलफूल सजाइन्छ । त्यसै मण्डपमा पाँचमुठा राँको र १० ओटा अगुल्टा राखी धोईपखाली गरेका ढुङ्गाका प्रतिमामा पूजा गर्ने चलन छ । झमक्क साँझ परेपछि कन्दारकको पूजाआजा गरिन्छ । कतै कतै त निबुवा जस्तै अमिला फललाई जनावरको आकार बनाई बलि पनि दिने गरिन्छ । कन्दारकको पूजा सकिएपछि राँको बाली अगुल्टोमा आगो सल्काई १० दिशामा फालिन्छ ।

कन्दारकको पूजापछि अगुल्टो फाल्दा मूलढोका लगाउने, नाङ्लो ठटाउने, ढिकी कुट्ने, जाँतो पिस्ने, दमाहा बजाउने, शङ्ख फुक्ने र घण्टा बजाउने गरिन्छ । अगुल्टो फाल्दा लुतो भागिजा, अर्को गाउँमा सरिजा भनेर कराउने गरिन्छ । रातमा सुत्ने बेलामा हातखुट्टामा तेल लगाई तिउरी दलिन्थ्यो । । तिउरी लेपन गरी हातखुट्टालाई हल्का बाँधेमा तिउरी रङ गाढा हुन्थ्यो, मेहन्दीको जस्तै ।

विसं २०१५ अघिसम्म जिल्लाजिल्लामा सरकारी स्तरबाटै गर्ने गरिन्थ्यो । धनकुटा जिल्लाको निशानस्थानमा सबै अड्डाका प्रमुखसहित बडाहाकिमको उपस्थिति हुन्थ्यो । माथि उल्लिखित विधिद्वारा राजपुरोहितको निर्देशनमा पूजाआजा हुने र मूलकर्ता बडाहाकिम वा उनले तोकेको अधिकारी हुने चलन थियो । कन्दारकको पूजा आराधनापश्चात् १० दिशामा अगुल्टो फाल्दै लुतो फालिन्थ्यो । यो बढाइ सकेपछि गाउँघरमा लुतो फाल्ने कार्य प्रारम्भ हुन्थ्यो । त्यतिबेला लुतो फाल्ने दिनदेखि तीन दिनसम्म गोरु जोत्नु हुँदैन भन्ने मान्यता थियो ।

कास्की जिल्लाको भरतपोखरीस्थित प्रसिद्ध कोटभैरव मन्दिरलगायत केही धार्मिक स्थलमा सामूहिक रूपमा लुतो फाल्ने कार्यक्रम चलेको देखिन्छ । यस्ता प्रकारका मौलिक संस्कार अब सहरबाट प्रायः लोप भइसके भने पनि हुन्छ तर गाउँघर विशेषगरी कर्णाली क्षेत्रमा यो परम्परा अहिले पनि कायमै रहेको छ । बर्खामा हिलो फोहोरबाट रक्तविकार उत्पन्न भई घाउखटिरा जस्ता छालामा देखिने र देखिन सक्ने रोगबाट मुक्ति पाउन यो संस्कार चलेको अनुभव हुन्छ । रोगव्याधि आदि विभिन्न अदृश्य शक्तिको उपासना गर्दा ठीक हुन्छ भन्ने जनविश्वासको आधारमा कन्दारकको पूजाआजा गर्ने चलन चलेको थियो । लुतो फाल्ने उत्सवको महत्त्व र गरिमा विषयमा चिन्तन मनन् नहुँदा र यसको उपादेयताको विषयमा भावी पुस्तालाई जानकारी गराउन नसक्दा यस्ता कतिपय संस्कार-परम्परा लोप हुने स्थितिमा छन् । लुतो फाल्ने उत्सव नेपालको समाज, संस्कृति, इतिहास र जनविश्वाससँग गाँसिएको छ भन्ने जानकारी गराउन आवश्यक छ ।

यस पर्वलाई सचेतना दिवसका रूपमा पनि लिन सकिन्छ । सफा हुनाले छालाको रोग लाग्दैन भन्ने सन्देश यस पर्वले दिएको छ । यसैगरी विभिन्न जङ्गली झारपात तथा रुख-लहरा सञ्जीवनी बुटी हुन् । तिनको संरक्षण गर्नुपर्छ भन्ने चेतना पनि यस लुते सङ्क्रान्तिले जगाएको छ । आयुर्वेद उपचार पद्धतिमा यस्ता वनसम्पदाको ठूलो महत्त्व छ तर हामीले यस्ता पद्धतिप्रतिको अविश्वास वा आधुनिक चिकित्साप्रतिको मोहका कारणले यस्ता वनस्पति चिन्न सकेका छैनौं । यी प्राकृतिक विधि लोप हुने स्थितिमा छन् । तिउरी लगाउँदा हिलोले खाएका हात खुट्टालाई फाइदा हुन्छ भन्ने कुरा नै धेरैले बिर्सिसकेका छन् । तिउरी लगाउँदा सर्पले नटोक्ने र विभिन्न छालाका रोगबाट बच्न सकिने जनविश्वासका साथ कर्णाली क्षेत्रको ग्रामीण भेगमा यो चलन अहिले पनि चलिरहेको पाइन्छ । अनिकाललगायतका प्राकृतिक प्रकोप झेल्न नपरोस् भन्ने आशयले पनि यो लुते पर्वको चलन चलेको भनाइ पनि छ ।

साउने सङ्क्रान्तिको दिन दिउँसो खरानीमा कपडा पकाएर धुने चलनबाट त्यतिबेलाको सामाजिक स्थिति बुझ्न सकिन्छ । त्यो बेला साबुन, पाउडर जस्ता लुगा सफा गर्न प्रयोग हुने वस्तुको अभाव हुने हुँदा स्थानीय तवरबाटमा नै उपलब्ध हुने वस्तुको प्रयोग गरिन्थ्यो । लुते सङ्क्रान्तिदेखि तीन दिनसम्म गोरु जोत्न हुँदैन भन्नुको तात्पर्य ती पाल्तु जनावरलाई आराम दिनुपर्छ भन्ने सन्देश प्रवाह गर्नु हो । बर्खाभरि खेतबारी जोतेका गोरुहरू थाकेका हुन्छन्, आराम चाहिन्छ भन्नको लागि यो चलन चलाएका हुन सक्छ । यस्ता पशुको हेरचाह र संरक्षण गर्नुपर्छ भन्ने चेत हाम्रा पुर्खालाई थियो ।


यस दिन बलेको अगुल्टोलाई चारै दिशामा फाल्दा अमुक गाउँको नामै उच्चारण गरी लैजा भन्ने गरिन्थ्यो । यसबाट त्यो समयमा एकअर्को गाउँप्रतिको आक्रोश व्यक्त हुन्थ्यो । गाउँ गाउँबीच आपसी सम्बन्ध सदैव सौहार्दपूर्ण थिएन । एकले अर्कोलाई दबाउन खोज्ने तत्कालीन परिस्थिति थियो । यसैकारण यो पर्वमा अगुल्टो फाल्दा अर्को छिमेकी राज्यप्रतिको द्वेष प्रकट गर्ने एक संस्कार नै बन्न पुग्यो । यसैगरी बर्खाभरि खेती किसानीको सिलसिलामा भएका रिसराग विसङ्गति जस्ता समाजमा देखिएका लुतो पनि यस संस्कार सम्पन्न गर्दा हराउने विश्वास थियो । वास्तवमा यस्तै सामाजिक परम्पराबाट सामाजमा सामूहिक एकता र सहकार्यको भावना उत्पन्न भएको हो ।

हाम्रा प्रत्येक पर्व र संस्कारभित्र अनेकौं रहस्य लुकेका छन् । लुते फाल्ने पर्व मनोरञ्जन गराउन, जनचेतना जगाउन, उपलब्ध सामग्रीकै महत्त्व र उपादेयता देखाई प्रयोग गर्न तथा सामाजिक सद्भाव कायम गर्ने एउटा संस्कार हो । यस्ता संस्कारलाई भावी पुस्तासम्म पुऱ्याउन सकिएमा हाम्रो संस्कृति र मौलिकताको संरक्षणमा सहयोग पुग्दछ ।(लेखक संस्कृतिविद् हुनुहुन्छ)रासस

# महान्याधिवक्ता पोखरेलको कार्यकालमा भए यस्ता काम

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार गठन भएसँगै महान्याधिवक्ता डा दीनमणि पोखरेलले राजीनामा दिनुभएको छ । निर्वमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' का कानुनी सल्लाहकार डा पोखरेलले मंगलबारै प्रधानमन्त्री केपी शर्मा ओलीमार्फत राष्ट्रपतिसमक्ष दिनुभएको राजीनामा स्वीकृत भइसकेको छ ।

महान्याधिवक्ता प्रधानमन्त्रीको कानुनी सल्लाहकारका रूपमा रहने संवैधानिक व्यवस्था छ । त्यसैले



प्रधानमन्त्रीले अनुकूल हुनेगरी महान्याधिवक्ता नियुक्त गर्ने र सरकार परिवर्तन भएमा पदबाट राजीनामा दिने परम्परा छ ।

सोहीअनुसार निवर्तमान प्रधानमन्त्री दाहालले विसं २०७९ पुस १३ गते डा पोखरेलाई महान्यायाधिवक्ता पदमा नियुक्त गर्नुभएको थियो । अर्को सरकार बनेपछि आज उहाँले पदबाट राजीनामा दिनुभयो । डा पोखरेले एक वर्ष छ महिना १७ दिनमा महान्याधिवक्तका रूपमा काम गर्नुभयो । यस अवधिमा सरकारी वकिलको सेवा शर्तसम्बन्धी कानुनको मस्यौदा तयार गरिएको, सजायमा छुट दिने मागदाबीसम्बन्धी निर्देशिका कार्यान्वयनमा ल्याइएको छ । अनुसन्धान तथा अभियोजनसम्बन्धी निर्देशिका, कसुरसम्बन्धी मुद्दाको अनुसन्धान एवं अभियोजनसम्बन्धी काम कारबाहीलाई सरल, स्पष्ट र सुव्यवस्थित गर्न महान्याधिवक्ताको राय लिइ नेपाल सरकारले निर्देशिका बनाई लागू गर्नसक्ने कानुनी व्यवस्था छ ।

यस्तै आत्महत्या एवं प्रतिवादी नहुने प्रकृतिका अन्य ज्यान मुद्दा, वारदातबाट कसुर भएको देखिएको तर प्रतिवादी खुल्न नआएका अन्य मुद्दा र प्रतिवादी खुलेको भए पनि निजको मृत्यु भइसकेको मुद्दामा मुद्दा नचलाउने अन्तिम निर्णय जिल्ला सरकारी वकिल कार्यालयको प्रमुख वा सो हैसियतमा काम गर्ने सरकारी वकिलले गर्ने उहाँको कार्यकालमा व्यवस्था भएको छ । दण्डका सुधारात्मक उपायको कार्यान्वयन गर्न प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० तर्जुमागरी स्वीकृतिका लागि नेपाल सरकारसमक्ष सिफारिस गरिएको छ भने कैदीलाई प्रोवेशन तथा प्यारोलमा राख्ने मापदण्ड तथा प्रोवेशन तथा प्यारोलमा छुट्ने कसुरदारले पालना गर्नुपर्ने शर्त २०८० कात्तिक १ गतेदेखि लागू भइसकेको छ । मापदण्ड कार्यान्वयन मार्गदर्शन हुनेगरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४९ बमोजिम प्यारोल अधिकृतको नियुक्ति नभएसम्मका लागि सम्बन्धित कारागार प्रशासकलाई प्रोवेशन अधिकारी तोकेको हुने व्यवस्थालगायत काम डा पोखरेलको कार्यकालमा भएका छन् ।रासस

# लोक-संस्कृति र साहित्यिले सद्भावलाई सुदृढ बनाउछः राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले लोक-संस्कृति र साहित्यिक जगतले हाम्रो राष्ट्रिय एकता र सामाजिक सद्भावलाई सुदृढ तुल्याउन योगदान दिएको बताउनुभएको छ ।

धर्मराज-सावित्री थापा प्रतिष्ठानद्वारा मंगलबार राष्ट्रपति भवन शितल निवासमा आयोजित जनकविकेशरी धर्मराज थापाको १००औँ जन्मजयन्ती तथा पुरस्कार वितरणका अवसरमा उहाँले नेपालको गरिमा अभिवृद्धिमा स्रष्टा र साहित्यकारहरूको योगदान महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो ।



"लोक कलाकार तथा लोक-संस्कृतिकर्मी राष्ट्रका गहना हुन्, लोक-साहित्यकार, संस्कृतिविद् र कलाकारको चेतना राष्ट्रको चेतना हो, सिर्जनाको उपलब्धि राजनीतिक चेतनाभन्दा माथि उठ्छ", उहाँले भन्नुभयो ।नेपाल विभिन्न जातजाति, भाषाभाषी, संस्कृति तथा भौगोलिक विविधतायुक्त देश हो भन्दै राष्ट्रपति पौडेलले विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भाव हाम्रो विशेषता हो भन्नुभयो ।

"हाम्रो भाषा, संस्कृति, साहित्य, इतिहास र परम्परा हाम्रा अमूल्य निधि हुन्, यसैको विकास, संरक्षण र प्रवर्द्धनसँगै नेपालको राष्ट्रिय एकतालाई अझै सुदृढ र जीवन्त बनाएर नेपालीपनको मौलिक परिचय दिनु आजको आवश्यकता हो भन्ने मलाई लाग्दछ", राष्ट्रपति पौडेलले भन्नुभयो । नेपाली लोकजीवन, मनोभावना र नेपाली माटोको मर्मलाई गीत, संगीत र साहित्यका माध्यमबाट नेपाली वाङ्मयको श्रीवृद्धिमा जनकविकेशरी धर्मराज थापाको विशिष्ट योगदान रहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले नेपाली लोकसाहित्यको अध्ययन, अन्वेषण, संरक्षण र प्रवर्द्धनमा उहाँको योगदान नेपाल र नेपालीले कहिल्यै बिर्सने छैनन् भन्नुभयो । यस्ता कार्यक्रमले आफ्नो साधनामा समर्पित प्रतिभालाई समाज र राष्ट्रको विकासमा अघि बढ्न प्रेरणा प्रदान गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

त्यस अवसरमा संस्कृति पर्यटन मन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डेले नेपालको संस्कृति नेपाली समाजको प्राण भएको बताउनुभयो । उहाँले धर्मराज थापाका गीतले नेपालको भाषा र लोक संस्कृतिको प्रवर्द्धनका सार्थ नेपाली लोक संस्कृतिलाई विश्वभर पहिचानमा टेवा पुगेको बताउनुभयो ।

"गायक थापाका गीतले राष्ट्रभावका साथ नेपालको त्यो बेलाको कृषिमा आधारित अर्थतन्त्र र नेपाली राष्ट्रवादको व्याख्या गरिएको छ । जसले विश्वभरका नेपालीहरूलाई समेटेको छ'', मन्त्री पाण्डेले भन्नुभयो ।उक्त अवसरमा वरिष्ठ साहित्यकार वैरागी काँईलाले गायक थापाले राष्ट्रभावलाई केन्द्रमा लोक गीत र लोक साहित्यको पहिचान र प्रवर्द्धनमा महत्वपुर्ण योगदान गरेको बताउनुभयो ।संस्कृतिविद् डा जगमान गुरुङले नेपाली समाज र संस्कृतिमा सामाजिक सद्भाव रहेको भन्दै नेपालको भाषा र संस्कृतिको संरक्षणमा राज्यले विशेष ध्यान दिनुपर्ने खाँचो औँल्याउनुभयो ।

प्रा डा प्राध्यापक अभि सुवेदीले लोक साहित्य र संस्कृतिलाई विश्वभर पुऱ्याउन महत्वपुर्ण योगदान रहेको बताउनुभयो । प्रतिष्ठानका अध्यक्ष मदनराज थापाले नेपाली वाङ्मयको उत्थान प्रवर्द्धनका साथै स्रष्टाको सम्मानमा प्रतिष्ठानले भूमिका खेल्दै आएको बताउनुभयो ।सो अवसरमा राष्ट्रपति पौडेलले रु ५० हजार राशिको धर्मराज सावित्री थापा लोकसंस्कृति साहित्य पुरस्कार २०८० साहित्यकार वैरागी काँइला र धर्मराज सावित्री थापा लोकगीत सङ्गीत पुरस्कार एलपी जोशीलाई प्रदान गर्नुभयो ।रासस

# देशको अवस्था परिवर्तन अहिलेको मुख्य प्राथमिकताः प्रधानमन्त्री ओली

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार परिवर्तन सामान्य घटना भएकाले देशको अवस्था परिवर्तन अहिलेको मुख्य प्राथमिकता भएको बताउनुभएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) सिन्धुपाल्चोक जिल्ला कमिटीले मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा प्रधानमन्त्री ओलीले नयाँ सरकार बनेसँगै कारण मुलुकका केही स्थानमा बाढीपहिरोबाट सडक, पुल भत्केका र जनधनको क्षति भएको वास्तविकता सुनाउँदै देशको भौगोलिक स्थितिले पनि यस्ता विपद्बाट जोगिन कठिनाइ भएको बताउनुभयो । मन्त्रिपरिषद्को पहिलो बैठकले पनि दैवीविपत्ति जोखिम न्यूनीकरणलाई पहिलो प्राथमिकतामा राखेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले




नेपाली जनता उत्साहित भएका बताउनुभयो । "सरकार परिवर्तन हुनु ठूलो कुरा होइन, सरकार समय-समयमा परिवर्तन भइरहन्छ । अहिलेको परिवर्तनले नागरिकमा नयाँ आशा र भरोसा जगाएको छ", उहाँले भन्नुभयो । सरकारले भ्रष्टाचार नियन्त्रण, विकास निर्माण र जनतालाई राहत दिने कुरामा आफ्नो ध्यान केन्द्रित गर्ने उहाँको भनाइ थियो ।

उहाँले मुलुकको विकास, सुशासन कायम गर्दै आमजनताको हित हुने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यसअघि पनि आफू प्रधानमन्त्री हुँदा इमान्दारीका साथ काम गरेको उल्लेख गदै एमाले अध्यक्ष ओलीले यसपटक पनि जनतालाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता दोहोऱ्याउनुभयो । प्रधानमन्त्री ओलीले मनसुनका बाढीपहिरोबाट प्रभावित क्षेत्रमा उद्धार, राहत र पुनःस्थापनाका सम्बन्धमा गृहमन्त्रीले पनि प्राथमिकतामा साथ काम गरिरहेको उल्लेख गर्नुभयो । उहाँले जाजरकोट भूकम्पपीडितको आवास निर्माणका लागि किस्ता रकम उपलब्ध गराउन पनि सरकार सकारात्मक रहेको बताउनुभयो ।

ओलीले एक वर्षभित्र कुनै पनि बालबालिका कुनै पनि कारणले सडकमा अलपत्र पर्ने अवस्था आउन नदिने उल्लेख गर्दै भन्नुभयो, "बालबालिका भविष्यका कर्णधार हुन् तिनलाई फस्टाउन दिनुपर्छ ।" प्रधानमन्त्रीले कीर्तिपुरस्थित क्रिकेट रङ्गशालामा तीन सय दिनभित्र प्यारापिट र फ्लड लाइटको व्यवस्था गरिने बताउनुभयो ।रासस

# उपप्रधानमन्त्री सिंहसँग भारतीय राजदूतको शिष्टाचार भेट



काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहसँग नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेटवार्ता गर्नुभएको छ । मन्त्री सिंहको कार्यकक्षमा भएको उक्त भेटमा उहाँहरुबीच द्विपक्षीय हित र आपसी चासोका विविध विषयमा छलफल भएको थियो । उक्त मन्त्रालयका अनुसार राजदूत श्रीवास्तवले मन्त्री सिंहलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै पारस्परिक सहयोग अभिवृद्धिका निम्ति भारत सरकार तयार रहेको बताउनुभयो ।

मन्त्री सिंह र राजदूत श्रीवास्तवबीच सहरी विकास, नदी प्रदूषण नियन्त्रण र फोहरमैला व्यवस्थापनमा भारतले गर्न सक्ने सहयोग बारेमा पनि छलफल भएको उक्त मन्त्रालयका सचिव मणिराम गेलालले राससलाई बताउनुभयो । भारत सरकारको सहयोगमा नेपालमा निर्माणाधीन आयोजनाको समीक्षा भएको थियो । दुई देशका सीमा क्षेत्रमा निर्माणाधीन एकीकृत भन्सार जाँच चौकीका बारेमा छलफल भएको सचिव गेलालले जानकारी दिनुभयो ।रासस

# नवनियुक्त महिलामन्त्रीद्वारा पदभार ग्रहण

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले मंगलबार पदभार सम्हाल्नु भएको छ ।

पदभार सम्हालेसँगै उहाँले महिला, बालाबालिका तथा ज्येष्ठ नागरिकको विकासका उहाँले भन्नुभयो, "कर्मचारीको साथ र सहयोगबिना मन्त्रीको एक्लो प्रयासबाट लक्ष्य हासिल हुँदैन ।"

यसअघि उहाँ वन तथा वातावरणमन्त्री हुनुभएको थियो । विसं २०४७ देखि राजनीतिमा सक्रिय उहाँ जनता



लागि पूर्ण निष्ठाका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गरेर बढीभन्दा बढी परिणाममुखी कार्य गर्न कर्मचारीहरूलाई निर्देशन दिँदै उहाँले देश र जनतालाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

समाजवादी पार्टीमा आबद्ध हुनुहुन्छ । उहाँ २०७९ सालमा सप्तरी क्षेत्र १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको हो । सप्तरीको हनुमाननगर कङ्कालीनी-९ मा आमा कौशल्या देवी र बुबा भोलाप्रसाद साहुको कोखबाट २००५ सालमा सुडीको जन्म भएको हो ।रासस

# आर्थिक अनुशासन र अराजकता अन्त्य गर्न राज्यलाई सहयोग गरौँः लेखा समिति



काठमाण्डु । प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिले प्राप्त उजुरी अध्ययन र छानबिन गरी निर्णयसहितको प्रस्ताव पेस गर्न सभापति ऋषिकेश पोखरेलको संयोजकत्वमा पाँच सदस्यीय उपसमिति गठन गरेको छ । उपसमितिका सदस्यमा राजेन्द्रकुमार केसी, योगेशकुमार भट्टराई, अमनलाल मोदी र मनिष झा हुनुहुन्छ।

समितिको वर्तमान कार्यकाल सुरू भएयता ६६ वटा विभिन्न विषयमा उजुरी परेका छन् । उजुरीमध्ये टेरामक्स प्रविधि, लुम्बिनी विकास कोष, एनसेल शेयर खरिद बिक्री र बीमा कम्पनीको प्रिमियम शेयर जारीलगायतका विषयमा भने छलफल भइसकेको छ । अन्य उजुरीका सम्बन्धमा सम्बन्धित मन्त्रालय तथा निकायमा जवाफ माग गरिएकामा केहीको जवाफ प्राप्त भए पनि कतिपयको जवाफ प्राप्त नभएको समितिले जनाएको छ।

समितिको मंगलबारको बैठकले बेरुजुसम्बन्धी धारणामा एकरुपता कायम गर्न समिति, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आयोजनामा सातै प्रदेशका लेखासमिति सभापति, महालेखापरीक्षक, अर्थमन्त्रालय, महानगरपालिकाका प्रतिनिधिको सहभागितामा अन्तरक्रियात्मक कार्यक्रम गर्ने निर्णय गरेको छ। यस्तै, देशका विभिन्न स्थानमा वर्षासँगै आएको बाढीपहिरो, चट्याङजस्ता विपत्तिमा परेकालाई यथाशीघ्र उद्धारगरी उचित बसोबासको व्यवस्थासहित राहत सामग्री उपलब्ध गराउन सरकारसँग माग गरिएको छ।

बैठकमा केही सदस्यले समितिमा आएका उजुरीको छानबिन, दिइएका निर्देशन कार्यान्वयन, सोधिएका प्रश्नको जवाफ, अन्तरविधायिकी भेला, समितिको काम र कार्य जिम्मेवारीको समीक्षा गरिनुपर्ने माग गर्नुभयो । केहीले भने मुलुकमा सत्तासमीकरण परिवर्तन भएसँगै प्रतिपक्षको भागमा परेको सार्वजनिक लेखासमितिको सभापति परिवर्तन हुनु आवश्यक रहेको, बैठकलाई कार्यतालिकाका आधारमा सञ्चालनगरी नतिजामुखी तुल्याउन समिति सभापतिलाई सुझाव दिनुभयो ।

बेरुजु फछ्र्यौटलाई औचित्य र कानुनसम्मत तुल्याउन आवश्यक रहेको बताउँदै उहाँहरूले राज्यका निकायमा अनियमिता र भ्रष्टाचार बढेकाले समितिले त्यस कार्यमा संलग्नलाई कानुनी दायरामा ल्याउन अडान लिनुपर्ने सुझाव दिनुभयो ।आर्थिक अनुशासन र अराजकताको अवस्था अन्त्य गर्न समितिले राज्यलाई सहयोग पुऱ्याउनुपर्नेमा जोड दिँदै केही सदस्यले सुशासन प्रवर्द्धन गर्ने सन्दर्भमा समितिले दिएका निर्देशन पालना नगर्नु संसद्प्रतिको अपमान भएको तर्क गर्नुभयो । उहाँहरूले सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन दिइएका सुझाव र निर्देशन पालन गरिनुपर्नेमा जोड दिनुभयो ।रासस

# पोर्चुगलका राष्ट्रपतिसँग नेपाली सहितका आप्रवासीको भेटवार्ता

लिस्बन । पोर्चुगलका राष्ट्रपति मार्सेलो रेबेलो डि सौसासँग नेपालसहितका आप्रवासी सङ्घसंस्थाका प्रतिनिधिले संयुक्त भेटवार्ता गरेका छन् । लिस्बनस्थित राष्ट्रपतिको निवास बेलेम प्यालेसमा सम्पन्न सो भेटवार्तामा आप्रवासीका लागि ऐक्यबद्धता एशोसिएसनका अध्यक्ष टिमोटियो म्यासेडोको नेतृत्वको टोलीले विशेष गरी पोर्चुगल सरकारले हालै जारी गरेको आप्रवासन नीति सच्याउन माग गरेको थियो ।

टोलीमा सहभागी नेपाली प्रतिनिधि गैरआवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद्का सदस्य राजकुमार थापाले भेटवार्तामा टोलीले पोर्चुगल सरकारले हालै परिवर्तन गरेको आप्रवासनसम्बन्धी नीतिनियमका कारण आप्रवासीमा देखापरेका समस्या र कठिनाइका विषयमा राष्ट्रपतिसमक्ष ध्यानाकर्षण गराएको बताउनुभयो । आप्रवासनसम्बन्धी नीतिनियमका कारण लाखौँ आप्रवासी प्रभावित भएको जनाउँदै सो विषयमा पुनःविचार गरी संशोधन गर्न आग्रह गरिएको उहाँले बताउनुभयो। सदस्य थापाले टोलीले आप्रवासीलाई कडाइ नगर्न आप्रवासी प्रतिनिधिहरूले राष्ट्रपतिसमक्ष आग्रह गरेको बताउनुभयो।

उहाँका अनुसार आप्रवासी प्रतिनिधिले राखेको आप्रवासनसम्बन्धी परिवर्तन भएको नीति र आप्रवासीका समस्याका विषयमा राष्ट्रपति सौसाले विशेष चासो व्यक्त गर्दै आफ्नो ध्यानाकर्षण भएको बताउनुभएको थियो । सो अवसरमा टोलीले आप्रवासीका समस्या र कठिनाइका विषयमा ५१ आप्रवासी सङ्घसंस्थाका प्रतिनिधिहरूले हस्ताक्षर गरेको ज्ञापनपत्र राष्ट्रपति समक्ष हस्तान्तरण गरेको थियो ।

सोही अवसरमा सदस्य थापाले गैरआवासीय नेपाली सङ्घ पोर्चुगलले प्रकाशन गरेको 'नेपाल-पोर्चुगल दर्पण' स्मारिका राष्ट्रपतिलाई हस्तान्तरण गर्नुभएको थियो ।रासस

# प्रधानमन्त्री ओलीलाई समकक्षीको बधाई

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीलाई छिमेकी देशका सरकारप्रमुखले बधाई तथा शुभकामना व्यक्त गर्नु भएको छ ।

प्रधानमन्त्री ओलीलाई अहिलेसम्म भारत, भुटान र पाकिस्तानका सरकार प्रमुखले बधाई तथा शुभकामना व्यक्त गर्नु भएको छ । समकक्षी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफ र भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेले बधाई तथा शुभकामना दिनुभएको नेकपा (एमाले) का विदेश विभाग प्रमुख डा राजन भट्टराईले जानकारी दिनुभयो ।

उहाँहरूले प्रधानमन्त्री ओलीको सफल कार्यकालको शुभकामना व्यक्त गर्दै नेपाल र आफ्नो देशबीचको सम्बन्ध अझ बढ्ने विश्वास व्यक्त गर्नु भएको छ ।रासस

# यूरो कपमा लमिन यमालले जितसँगै रचेको इतिहास

वीवीसी

काठमाण्डु ।लमिन यमालको उमेरमा पेलेको ६६ वर्ष पुरानो विश्व कीर्तिमान तोड्नु सायद लिओनेल मेस्सी र क्रिस्टियानो रोनाल्डोका लागि सपना मात्र थियो। लमिन यमालले गत वर्षदेखि फुटबलको क्षेत्रमा तहल्का मच्चाएका छन् भन्नु अनुचित हुँदैन। शनिवार यूरो कप जितेसँगै त उनी त्यसको शिखरमै पुगे। उनी यो तथा विश्वकपको उपाधि जित्ने सबैभन्दा कान्छा खेलाडी बनेका छन्। उपाधि उचाल्दै गर्दा यमाल केवल १७ वर्ष एक दिनका थिए। यी बार्सिलोनाका आक्रामक 'फर्वार्ड'ले इङ्ल्यान्डविरुद्धको फाइनल खेलमा २-१ को जित निकाल्ने क्रममा निको विलियम्सका लागि पहिलो गोलको अवसर तयार पार्नुका साथै विपक्षी गोलरक्षक जोर्डन पिक्फोर्डलाई दुई पटक आच्छुआच्छु पारे। यमालले यूरो २०२४ मा एक गोल गरे भने चार वटामा सघाए। सन् १९८० मा रेकर्ड सुरु भएयता एउटै यूरोपिअन च्याम्पिअन्शिपमा कसैले पनि उनले जति गोलका निम्ति निर्णायक स्थिति पैदा गरेको थिएन। प्रतियोगिताको क्वार्टरफाइनल, सेमिफाइनल र फाइनल खेलमा यमालले उपलब्धि हासिल गर्नुअघि कुनै पनि खेलाडी यति प्रत्यक्ष संलग्न थिएनन्। त्यसैले उनलाई 'प्रतियोगिताको युवा खेलाडी'को उपाधि दिइएकोमा अचम्भीत हुन परेन। "म एकदम खुसी छु। यो मेरो सपना हो," उनले भने, "म अब स्पेन फर्केर आफ्ना प्रशंसकहरूसँग खुसीयाली साट्नेबारे सोच्दै छु। यो मेरो जन्मदिनको आजसम्मकै सबैभन्दा सुन्दर उपाहर हो।" इङ्ल्यान्डका पूर्वडिफेन्डर रिओ फर्डिनान्डले यमाललाई 'सनसनीपूर्ण' र 'स्तरीय खेलाडी'को सङ्ज्ञा दिए। "प्रतियोगिताअघि उनी स्टार थिए। अहिले सुपरस्टार भएका छन्," उनले भने। केही सातायता यमाल यूरो कपमा भाग लिने कान्छा खेलाडी, गोल गर्न सघाउने खेलाडी र गोल गर्ने खेलाडी बनेका छन्। सम्भावनाको कुरा मात्र होइन, उनी विश्वकै सबैभन्दा आकर्षक खेलाडीमध्येका बनिसकेका छन्। बीबीसी वनका निम्ति काम गरिरहेका स्पेनका पूर्वमिड्फिल्डर जुआन माता भन्छन्, "म हिजो साँझ जाभी (बार्सिलोनाका व्यवस्थापक)सँग खाना खाइरहेको थिएँ। उनले आफूले यमालजत्तिको गुणस्तरीय खेलाडी आफूले नदेखेको बताए।" ती तिनै जाभी हुन् जो बार्सिलोनामा मेस्सीसँगै खेल्ने गर्थे। "म खेलाडीहरूको बीचमा वा मेस्सीसँग तुलना गर्न त चाहन्न, तर यमाललाई कुनै सीमाले रोक्न सक्दैन," माताले थपे। शनिवार १७ वर्ष टेकेका बार्सिलोना 'फर्वार्ड' यमालले



स्पेनका निम्ति यो उनको १४ औं उपस्थिति हो। स्पेनका लागि उनले अहिलेसम्म तीन गोल र सात सहयोग गरेका छन्। तुलनै गर्नुपर्दा यस पुस्ताका दुई महान् खेलाडीमध्ये न त मेस्सीले न रोनाल्डोले नै १६ वर्षको उमेरमा देश वा क्लबका निम्ति पहिलो समूहगत खेल खेलेका थिए।

अहिलेसम्मको करिअरमा केके हासिल गरे र यो किन विशेष छ? सत्र वर्ष लाग्नुअघि यमालले बार्सिलोनाका निम्ति ५१ पटक खेले, जसमा सात गोल गरे भने सातमा सघाए।

स्पेनका निम्ति यो उनको १४ औं उपस्थिति हो। स्पेनका लागि उनले अहिलेसम्म तीन गोल र सात सहयोग गरेका छन्। तुलनै गर्नुपर्दा यस पुस्ताका दुई महान् खेलाडीमध्ये न त मेस्सीले न रोनाल्डोले नै १६ वर्षको उमेरमा देश वा क्लबका निम्ति पहिलो समूहगत खेल खेलेका थिए। 'बालन डोर'का निम्ति मेस्सी र रोनाल्डोलाई प्रतिस्थापित गर्न सक्ने खेलाडीहरूलाई हेरियो भने फ्रान्सका किलियान एम्बाप्पे र नर्वेका अर्लिङ हल्यान्ड देखा पर्छन्। यो उमेरमा उनीहरूको आँकडालाई यमालसँग तुलना गर्न मिल्दैन। एम्बाप्पेले १७ वर्ष लाग्नुअघि मोनाकोका निम्ति चार खेल खेलेका थिए र एक गोलमा सहयोग गरेका थिए। त्यहीँ हल्यान्डले नर्वेमा ब्रिअन र मोल्डका निम्ति २३ खेल खेल्नुका साथै एक गोल गरेका थिए। यमालले सबै सफलता १६ वर्षकै उमेरमा पाएका होइनन्। उनी बार्सिलोनाका निम्ति खेल्न थाल्दै गर्दा उनी अझै कान्छा थिए।

'ला लिगा एरा'का निम्ति बार्सिलोनाका कान्छा खेलाडीका रूपमा मैदान छिर्दै गर्दा उनी १५ वर्ष २९० दिनका थिए। उक्त खेलमा उनले खेल सकिन छ मिनेट बाँकी छँदा गाभीलाई प्रतिस्थापन गरेका थिए। सन् २०२३ को २९ एप्रिलमा भएको उक्त खेल बार्सिलोनाले ४-० ले जित्यो।

सोही वर्षको २० अगस्टमा क्याडिजविरुद्ध २-० को जित हासिल गरिरहँदा उनी १६ वर्ष ३८ दिनको उमेरका थिए। यसरी उनी सन् १९३९ यताकै ला लिगा खेल्ने कान्छा खेलाडी बने।त्यसको एक सातामै उनी एक्काइसौं शताब्दीमा ला लिगामा गोल गर्न सघाउने सबैभन्दा कान्छा खेलाडी बने। त्यस बेला उनले गाभीलाई हेडमार्फत् गोल गर्ने मौका मिलाएका थिए। उक्त खेलमा उनीहरूले भिलेरिअलविरूद्ध ४-३ को जित निकाले।उनी १६ वर्ष ८३ दिनको उमेरमा च्याम्पिअन्स लीग खेल्न सुरु गर्ने कान्छा खेलाडी बने। अक्टोबर ४ मा भएको उक्त खेलमा पोर्टो १-० ले हार्‍यो।

त्यसको चार दिनमा उनले ला लिगामा स्कोर गर्ने कान्छा खेलाडीका रूपमा इतिहास रचे। उनले मध्यान्तरअघि गरेको गोलका कारण ग्रानडासँगको खेल २-२ को बराबरीमा रोकियो। उनी 'अल क्लासिको' खेल्ने कान्छा खेलाडी समेत हुन्। त्यस्तै उनी १६ वर्ष १५३ दिनको उमेरमा एनट्वेर्पमा भएको च्याम्पिअन्स लीगमा गोलका निम्ति सघाउने कान्छा खेलाडी हुन् भने स्प्यानिश सूपर कपमा गोल गर्ने कान्छा खेलाडीसमेत हुन्।उनी यो शताब्दीमा स्प्यानिश लीगमा गोल गर्ने कान्छा खेलाडी हुन्। त्यस्तै ला लिगामा दुई गोल गर्ने कान्छा खेलाडी पनि हुन्। यमाल उक्त च्याम्पिअन्शिपको नकआउट तथा क्वार्टरफाइनल खेल्ने कान्छा खेलाडीसमेत हुन्।

सबैभन्दा कम उमेरमा बार्सिलोनाका निम्ति ५० पटक मैदानमा उत्रने खेलाडीको कीर्तिमान पनि उनकै नाममा छ भने च्यापिअन्शिपका १० खेल खेल्ने कान्छा खेलाडीको कीर्तिमान पनि उनकै नाममा छायद्यपि यमाल अर्मान्ड मार्टिनेज सेगीको रेकर्डको हाराहारी भने छैनन्। मार्टिनेज बार्सिलोनाका निम्ति गोल गर्ने आजसम्मै कान्छा खेलाडी हुन्। सन् १९२० मा कातालान च्याम्पिअन्शिपमा गोल गर्दै गर्दा उनी केवल १४ वर्षका थिए। यो स्पेन न्याश्नल लीग सुरु हुनुभन्दा नौ वर्षअघिको कुरा हो।

उनले च्याम्पिअन्शिप लिगमा गोल गर्ने बाँकी छ तर अब उनीसँग सन् २०१९ मा बार्सिलोनाका निम्ति इन्टर मिलानविरुद्ध १७ वर्ष ४० दिनको उमेरमा गोल गरेका अन्सु फातीको कीर्तिमान तोड्ने मौका भने उपलब्ध छैन। सन् २०२३ अक्टोबार ८ मा यमाल यूरो कप छनौटको सोही खेलका निम्ति स्पेनको सबैभन्दा कान्छा गोलकर्ता बने, जुन खेलमा उनको समूहले जोर्जालाई ७-१ ले हरायो। मध्यान्तरअघि डानी ओल्मोलाई प्रतिस्थापित गर्दै गर्दा उनको उमेर १६ वर्ष ५७ दिनको थियो।

नर्वेका मार्टिन ओडेगार्ड मात्र उनीभन्दा कम उमेरमा यूरोपिअन च्याम्पिअन्शिप खेल्ने खेलाडी हुन्, जसको उमेर त्यतिखेर १५ वर्ष ३०० दिनको थियो।ग्रीष्मकालीन फाइनलमा त यमालले तोड्न बाँकी जति लगभग सबै कीर्तिमान तोडेका छन्, भलै उनी खाली समयमा विद्यालयको गृहकार्य गरिरहेका किन नहोऊन्।उनी पुरुष यूरो कप खेल्ने पहिलो १६ वर्षे किशोर हुन्। उनले क्रोएशियाविरुद्धको खेलबाट यसको सुरुवात गरेका थिए।

उनले ३-० ले स्पेनको पक्षमा आएको उक्त खेलमा डानी कार्भजल्सलाई गोलका निम्ति सघाएर यूरो कप इतिहासकै कम उमेरमा गोलका निम्ति सघाउने खेलाडीको कीर्तिमान राखे। सेमिफाइनलमा फ्रान्सविरुद्ध गोल गरेर उनले यूरोपिअन च्याम्पिअन्शिप इतिहासकै कान्छा गोलकर्ताको कीर्तिमान राखे। त्यतिखेर उनी केवल १६ वर्ष ३६२ दिनका थिए।उक्त खेलमा उनले सन् १९५८ देखि कायम रहँदै आएका पेलेका दुई कीर्तिमानलाई पछाडि छाडिदिए। पहिलो - यूरो वा विश्वकपमा गोल गर्ने सबैभन्दा कम उमेरको खेलाडी। दोस्रो - दुईमध्ये कुनै पनि प्रतियोगिताको सेमिफाइनलमा पुग्ने कम उमेरको खेलाडी।

त्यसपछि उनले कुनै एउटा प्रतियोगिताको फाइनलमा पुग्ने सबैभन्दा कम उमेरको खेलाडीका रूपमा कीर्तिमान बनाउँदै पेलेलाई पछाडि छाडे।उनी थोरैले चुकेको भनेको यूरोकपमा स्कोर गर्ने पहिलो १६ वर्षीय तथा पहिलो १७ वर्षीय खेलाडीको रेकर्ड राख्न मात्रै हो।उनी यस पटकको फाइनलको एक दिनअघि मात्रै १७ वर्ष पूरा गरेका थिए। यसअघिका यूरो कपमा कान्छा गोलकर्ता जोहान भोलेन्थन थिए, जसले १८ वर्षको उमेरमा गोल गरेका थिए।

सन् २०२३ मा डेब्यू गरेयता तीन गोल र सहयोगसहित यमाल अन्य खेलाडीभन्दा धेरै गोलमा संलग्न हुने खेलाडी बनेका छन्। सन् २००७ मा बार्सिलोनाको 'क्याम्प नू'मा एउटा च्यारिटी क्यालेन्डर फोटोशूटका क्रममा लिइएको एउटा तस्बिर अहिले चर्चामा छ।उक्त तस्बिरमा त्यो बेला २० वर्षीय मेस्सीले यमाललाई नुहाउन मद्दत गरिरहेका छन्।युनिसेफले एउटा चिट्ठा कार्यक्रम चलाउँदै गर्दा उक्त फोटो लिइएको थियो। यमालको परिवार त्यतिखेर त्यहाँ बसोबास गर्दथ्यो।

फोटोग्राफर जोन मन्फर्टले गत सातामात्रै तस्बिरमा देखिएका बालक यमाल हुन् भन्ने थाहा पाएका थिए। उनी एपीका निम्ति स्वतन्त्र रूपमा फोटो खिच्छन्। "उनी (मेस्सी) लकर कोठाबाट बाहिर निस्कँदै थिए, उनले अचानक अर्को लकर कोठामा पानीले भरिएको एउटा प्लास्टिकको टबमा एउटा बालकलाई देखे। अप्ठ्यारोअप्ठ्यारो थियो। उनले सुरुमा त बच्चालाई कसरी समात्ने भन्ने पनि मेसो पाएनन्," मन्फर्टले सम्झिए।

## रुवाण्डामा कागामे ९९ प्रतिशत मतसहित चौथो कार्यकालका लागि निर्वाचित



एएफपी

किगाली ।रुवाण्डाका राष्ट्रपति पल कागामे चौथो कार्यकालका लागि चुनावमा ९९।१५ प्रतिशत मतसहित निर्वाचित हुनु भएको छ। जहाँ दुई प्रतिद्वन्द्वीलाई मात्र चुनाव लड्न अनुमति दिइएको थियो।

मतदान बन्द भएको सात घण्टा पछि निर्वाचन आयोगले जारी गरेको आंशिक नतिजामा कागामेले ९९।१५ प्रतिशत मत प्राप्त गरेको देखाएको छ। जुन सात वर्ष अघिको मतदानमा उहाँले पाएको ९८।७९ प्रतिशत भन्दा पनि बढी हो।

डेमोक्र्याटिक ग्रिन पार्टीका उम्मेदवार फ्रान्क हाबिनेजाले ०।५३ प्रतिशत र स्वतन्त्र फिलिप मपाइमानाले ०।३२ प्रतिशत मत प्राप्त गर्नु भएको छ। सत्तारूढ रुवान्डन प्याट्रियोटिक फ्रन्ट ९आरपीएफ० को मुख्यालयबाट सम्बोधन गर्दै उहाँले आफूलाई थप पाँच वर्ष कार्यकाल दिएकोमा रुवान्डालीलाई धन्यवाद दिनु भयो। प्रस्तुत नतिजाले केवल तथ्याङ्क मात्र नभई सत प्रतिशत विश्वास भएको बताउदै उहाँले सबै मिलेर सबै समस्याहरू समाधान गर्न सक्ने उल्लेख गर्नु भयो।

पूर्ण परिणाम जुलाई -२० सम्म र निश्चित परिणाम जुलाई -२७ सम्ममा आउनेछ ।रुवाण्डालीका लागि निर्वाचन प्रक्रिया सुरक्षित र पारदर्शी वातावरणमा भएको राष्ट्रिय निर्वाचन आयोगले विज्ञप्तिमा जनाएको छ। ९० लाख भन्दा बढी रुवान्डालीमा-लगभग २० लाखले पहिलो पटक मतपत्र दर्ता भएको राष्ट्रपति पदको दौड पहिलो पटक विधायी चुनावको साथ एकै समयमा आयोजना गरिएको थियो ।कागामेले सन् २००३, २०१० र २०१७ मा ९३ प्रतिशतभन्दा बढी मत प्राप्त गरी चुनाव जित्नु भएको थियो।

प्रतिबन्धित रुवान्डाको अदालतले प्रमुख विपक्षी व्यक्तित्वहरू बर्नार्ड नटागान्डा र भिक्टोइरइन्गाबायरकोअपिललाई अस्वीकार गरेको थियो । जसले उनीहरूलाई सोमबारको मतदानबाट अयोग्य ठहर गरी सजायहरू हटाउन आग्रह गरेको थियो ।निर्वाचन आयोगले डायने र्विगारालाई पनि कागजी कार्यको मुद्दालाई उद्धृत गर्दै प्रतिबन्ध लगाई दोस्रो पटक दौडबाट बाहिर राखेको थियो।

मतदान अघि, एम्नेस्टी इन्टर नेसनलले रुवान्डाको राजनीतिक विपक्षले "गम्भीर प्रतिबन्धहरू। साथै धम्कीहरू, मनमानी नजरबन्द, अभियोजन, हत्या र जबरजस्ती बेपत्ता" भएको जनाएको छ ।अल्पसङ्ख्यकलाई लक्षित गरी सय दिनको रक्तपात फैलाउने इच्टा चरमपन्थीलाई बाहिर निकाल्दै किगालीमा मार्च गर्दा कागामेको आरपीएफ मिलिसियालाई सन् १९९४ को नरसंहार अन्त्य गरेकोमा प्रशंसा गरिएको छ।

संसदीय चुनावमा ५८९ उम्मेदवार ८० मा सिटको लागि लडेका थिए जसमा ५३ जना विश्वव्यापी मताधिकारद्वारा निर्वाचित भएका थिए ।विधानसभामा आरपिएफले ४० र यसका सहयोगीहरूले ११ सिट जितेका थिए भने हाबिनेजाको पार्टीले दुई सिट जितेको थियो ।थप २७ वटा स्थानमा महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षित छन्।

# ४६ वर्षपछि खुल्दै भारतको जगन्नाथ मन्दिरको 'रत्नभण्डार', कस्तो छ यसको इतिहास

वीवीसी

काठमाण्डु। भारतको पुरीस्थित विश्वप्रसिद्ध जगन्नाथ मन्दिरको रत्नभण्डारमा राखिएका रत्न तथा अलङ्कारहरूको गणना ४६ वर्षपछि सोमवार १४ जुलाईदेखि थालिएको छ। यस्तो गणना पछिल्लो पटक सन् १९७८ मा भएको थियो।

बीचमा सन् १९८२ को डिसेम्बर अनि सन् १९८५ को जुलाईमा पनि उक्त रत्नभण्डार खोलिएको थियो। तर त्यो बेला आभूषण गणनाका निम्ति नभई श्री जगन्नाथका लागि आवश्यक केही आभूषण झिक्न र मर्मत गर्न भण्डार खोलिएको थियो। निर्धारित शुभ साइतअनुसार सोमवार दिउँसो ठीक एक बजेर २८ मिनेटमा ११ सदस्यीय टोली सबै आवश्यक उपकरण लिएर भण्डारभित्र प्रवेश गरेको थियो।

सो टोलीमा ओडिशा उच्च अदालतका पूर्वन्यायाधीश विश्वनाथ रथको नेतृत्वमा अन्य प्रतिनिधि रहेका छन्। साँझ करिब पाँच बजे टोली बाहिर निस्किएपछि श्री जगन्नाथ मन्दिरका मुख्य प्रशासक डा. अरविन्द पाढीले पत्रकारहरूलाई सोमवार केवल बाहिरी रत्नभण्डारमा रहेका आभूषणहरूलाई मन्दिरको भित्र बनाइएको अस्थायी 'स्ट्रङ्ग रूम'मा लगिएको, तिनमा सील लगाइएको र त्यसको साँचो जिल्ला प्रशासनलाई दिइएको बताए। केके भेटियो?

डा. अरविन्द पाढीले जिल्ला कोषागारमा रहेको साँचोले भित्री रत्नभण्डारमा लगाइएको तीनवटा ताल्चा खोल्ने कोसिस गरिएको तर सफल नभएको बताए। त्यसपछि राज्य सरकारको नियमानुसार मन्दिर प्रशासनले ताल्चा फोडेका थिए।त्यहाँभित्र कैयन् सन्दुक तथा दराजहरू भेटिएको तर समय धेरै बितिसकेकाले तिनलाई भने नखोलिएको उनले बताए।

डा. पाढी भन्छन्, "सोमवार महाप्रभुको 'बाहुडा यात्रा' छ। त्यसैले हामी राज्य सरकारसँग छलफल गरेर भित्री रत्नभण्डार खोल्न र त्यहाँ रहेका सबै आभूषणलाई अस्थायी 'स्ट्रङ्ग रूम'मा लैजान अर्को एक दिन लगाउँछौं।" केके भेटियो?

डा. अरविन्द पाढीले जिल्ला कोषागारमा रहेको साँचोले भित्री रत्नभण्डारमा लगाइएको तीनवटा ताल्चा खोल्ने कोसिस गरिएको तर सफल नभएको बताए। त्यसपछि राज्य सरकारको नियमानुसार मन्दिर प्रशासनले ताल्चा फोडेका थिए।त्यहाँभित्र कैयन् सन्दुक तथा दराजहरू भेटिएको तर समय धेरै बितिसकेकाले तिनलाई भने नखोलिएको उनले बताए।

डा. पाढी भन्छन्, "सोमवार महाप्रभुको 'बाहुडा यात्रा' छ। त्यसैले हामी राज्य सरकारसँग छलफल गरेर भित्री रत्नभण्डार खोल्न र त्यहाँ रहेका सबै आभूषणलाई



अस्थायी 'स्ट्रङ्ग रूम'मा लैजान अर्को एक दिन लगाउँछौं।" भित्री रत्नभण्डारमा सबैभन्दा मूल्यवान् आभूषण राखिन्छ भने बाहिरी रत्नभण्डारमा केवल रथ यात्रा वा अरू महत्त्वपूर्ण अवसरमा प्रयोगमा ल्याइने आभूषण राखिन्छन्।

भित्री रत्नभण्डारका सबै आभूषणलाई सारेर तिनको मर्मत गरिने छ। मुख्य प्रशासक पाढीले रत्नभण्डारको संरचनाको सुरक्षा सर्वोपरि महत्त्वको भएको बताए।उनका अनुसार भारतीय पुरातत्त्व सर्वेक्षण (एएसआई)ले भित्री रत्नभण्डारको मर्मत गरेपछि मात्र अस्थायी अस्थायी 'स्ट्रङ्ग रूम'मा राखिएका आभूषणलाई फेरि भित्र ल्याइने छ र दोहोऱ्याएर तिनको गणना गरिने छ।गणना प्रक्रिया कहिलेसम्म जारी रहने छ भन्नेबारे चाहिँ उनले कुनै यकिन मिति नतोकिएको बताए।

**४६ वर्षपहिले के भएको थियो?**

अहिलेभन्दा झन्डै ४६ वर्षअघि सो प्रक्रिया १३ मे १९७८ मा सुरु भएर ७० दिनपछि २३ जुलाईमा सकिएको थियो।तर पनि त्यो प्रक्रिया सम्पूर्ण रूपले सम्पन्न हुन सकेको थिएन किनभने गणनाका लागि तिरुपति मन्दिर सहित बाहिरबाट बोलाइएका अलङ्कार विशेषज्ञहरूले पनि रत्नभण्डारमा रहेका कैयन् आभूषणको सही आकलन गर्न सकेका थिएनन्। तर जति आभूषणको पहिचान र गणना गरियो, ती कम चकित पार्ने खालका थिएनन्।

अघिल्लो गणनामा के पाइएको थियो?

रत्नभण्डारमा कुल ७४७ प्रकारका आभूषण भेटिएका थिए। तीमध्ये १२,८३३ तोला सुनका गहना तथा २२,१५३ तोला चाँदीका गहना थिए। तिनका अतिरिक्त कैयन् हीरा, जुहारतका बहुमूल्य आभूषण थिए।

ती आभूषण बितेका कैयौं शताब्दीहरूमा या त प्रभु जगन्नाथका भक्त राजामहाराजाहरूले दानस्वरूप चढाएका थिए या त ओडिशाका राजघरानाले अन्य राज्यसँग युद्धमा जित्दा ल्याएर चढाएका थिए।यी बहुमूल्य रत्नआभूषण लुट्नका लागि १५औं देखि १८औं शताब्दीका बीच मन्दिरमाथि कम्तीमा १५ पटक आक्रमण भएका थिए। अन्तिम पटक बङ्गालका तत्कालीन सेनापति मोहम्मद तकी खानले सन् १७३१ मा आक्रमण गरेका थिए।

ती आक्रमणहरूमा कैयन् बहुमूल्य अलङ्कार लुटिए। तर पनि रत्नभण्डारमा गरिएको कडा सुरक्षा बन्दोबस्तका कारण धेरै हीराजुहारत सुरक्षित रहन सके।मन्दिरको रत्नभण्डारमा रहेका हीरा, मोती, सुन तथा अन्य बहुमूल्य रत्नजडित आभूषणको मूल्य सयौं करोड रुपैयाँ बराबर रहेको ठानिन्छ।

जानकारहरूका अनुसार डिजिटल प्रविधिका कारण सायद यस पटक गणनामा धेरै समय लाग्ने छैन।यस कार्यका लागि बनाइएको टोलीका प्रमुख तथा न्यायाधीश विश्वनाथ रथका अनुसार सबै आभूषणको गणनाका साथै तिनको मानक निर्क्यौल गरिने छ र तिनको डिजिटल सूची बनाइने छ। अनि त्यसलाई सन् १९७८ को अभिलेखसँग तुलना गरेर सबै आभूषण छन् कि छैनन् भनेर जाँचिने छ।

**भण्डारमा विषालु सर्प रहेको विश्वास**


राज्य सरकारले श्री मन्दिर ऐन १९६० बमोजिम मन्दिर प्रबन्धको जिम्मेवारी आफ्नै काँधमा लिएको छ। त्योभन्दा पहिले सो जिम्मेवारी पुरीका गजपति महाराजको हुने गर्थ्यो।उक्त कानुनमा प्रत्येक तीन वर्षमा रत्नभण्डार खोल्ने र त्यहाँ जम्मा भएका आभूषणहरूको विवरण सूचीकृत गर्ने प्रावधान छ। तर किन बितेको ४६ सालमा कुनै सरकारले भण्डार खोल्न पहल नगरेको भन्ने प्रश्नको जबाफ कसैसँग छैन।

केही किंवदन्ती र अन्धविश्वास सायद यसका कारण हुन सक्छन्।कतिपय सेवकहरूका अनुसार रत्नभण्डारभित्र विषालु सर्प छन्, जसले ती आभूषणको सुरक्षा गर्छन्। सन् १९७८मा अन्तिम पटक रत्न भण्डार खोलेको केही महिनापछि तत्कालीन जनता पार्टीको सरकार ढलेको घटनालाई कैयन् नेताहरूले उक्त भण्डारसँग जोडेर हेर्न थाले। यसै कारण त्यसयता बनेका सरकारहरूले यसको पहल नलिएको हुन सक्छ। हुन त सन् २०१८ मा तत्कालीन नवीन पटनायक सरकारले रत्नभण्डार खोल्ने पहल गरेको थियो। तर त्यतिखेर अलङ्कारहरूको गणना वा अभिलेख बनाउन नभई भण्डारको संरचना जाँचबुझ गर्ने उद्देश्य राखिएको थियो।सन् २०१८ मा एएसआईले रत्नभण्डारको संरचना नाजुक हालतमा रहेको बताएको थियो।ओडिशा उच्च अदालको निर्देशनमा सन् २०१८ मा राज्य सरकारले रत्नभण्डारको स्थिति बुझ्न एक टोली बनाएको थियो। तर ऊसँग रहेको साँचोबाट भित्री रत्नभण्डारको ताल्चा खोल्न नसकिएपछि टोलीले बाहिरबाटै संरचनाको अवस्था बुझेको थियो।

त्यसयता यो मामिला उच्च अदालतमा पुगेको थियो। सन् २०२३ को मार्चमा उच्च अदालतको आदेशबमोजिम तत्कालीन पटनायक सरकारले संरचनाको मर्मत तथा आभूषण गणनाको लागि एउटा समिति बनाएको थियो। तर त्यसपश्चात् भएको निर्वाचनपछि ओडिशामा मोहन माझीको नेतृत्वमा बनेको नयाँ राज्य सरकारले उक्त समिति विघटन गरेर पूर्वन्यायाधीश विश्वनाथ रथको अध्यक्षतामा नयाँ समिति बनायो।ओडिशामा हालै सम्पन्न राज्य विधानसभाको चुनावमा रत्नभण्डारको हराएको साँचो एक प्रमुख मुद्दा बन्न पुग्यो।

प्रचारप्रसारका समयमा प्रधानमन्त्री नरेन्द्र मोदी सहितसबै भारतीय जनता पार्टीका नेताहरूले लगभग हरेक चुनावी सभामा यो मुद्दा उठाएर नवीन पटनायक सरकारलाई निसाना बनाएका थिए।आफ्नो चुनावी वाचाअनुरूप भाजपाको नेतृत्व रहेको राज्य सरकारले रत्नभण्डार खोलिदिएको छ। तर सन् १९७८ मा सूचीकृत गरिएको अभिलेखबमोजिम आभूषण सुरक्षित छन् कि छैनन् भन्ने प्रश्नको जवाफ आउन बाँकी छ।

## एक्स प्रयोगकर्ताको रेकर्ड उच्च रहेको एलोन मस्कको दावी



एएनआई

वासिङ्टनडीसी ।टेक अरबपति तथा टेस्लाका सीईओ एलोन मस्कले मङ्गलबार आफ्नो सामाजिक सञ्जाल एक्स प्रयोगमा रेकर्ड उच्च' पुगेको दाबी गर्नु भएको छ।

एक्सले एकै दिनमा "विश्वव्यापी रूपमा ४१७ अर्ब प्रयोगकर्ता-प्रतिसेकेन्डको कुल अनुभव गरेको मस्कले बताउनु भएको छ। सामाजिक सञ्जाल एक्सको एक पोस्टमा, मस्कले एक्स प्रयोगले हिजो विश्वव्यापी रूपमा ४१७ बिलियन प्रयोगकर्ता प्रतिसेकेन्डको साथ अर्को रेकर्ड उच्च राखेको उल्लेख गर्नु भएको छ। उहाँका अनुसार संयुक्त राज्य अमेरिका मा, प्रयोगकर्ता एकै दिनमा ९३बी ३२ यु सेकेन्ड पुगेको जनाउदै यो अघिल्लो रेकर्ड भन्दा ७६बीले एकै दिनमा बढी भएको उल्लेख गर्नु भएको छ।

गत मार्चको एक्स तथाङ्कले २५० मिलियन मानिसहरूले हरेक दिन औसतमा ३० मिनेट एक्स प्रयोग गर्ने दाबी गरिएको थियो ।पोष्टमा प्रत्येक महिना ५५० मिलियन मानिसहरूले ग्लोबल टाउन स्क्वायर भ्रमण गर्छन् भने औसतमा, प्रयोगकर्ताले एक्समा दिनको ३० मिनेट खर्च गर्ने भनिएको छ ।अक्टोबर २०२२ मा, मस्कले ४४ अर्ब अमेरिकी डलरको सम्झौतामा प्रभावशाली सामाजिक मिडिया प्लेटफर्म-ट्विटरको स्वामित्व लिनु भएको थियो।

पछिल्लो समयमा, मस्कले शीर्ष कार्यकारीलाई बर्खास्त गरी, कम्पनीका आधा कर्मचारी हटाएर, खाता पुनः स्थापनाको समीक्षा गर्ने सामग्री मोडरेशन काउन्सिल गठन गरी प्लेटफर्मको सदस्यता सेवालाई सुधार गर्नु भएको छ। टेस्ला र स्पेसएक्सका सीईओ एलोन मस्कले पदभार सम्हालेपछि कम्पनीमा धेरै परिवर्तन भएका छन्, जसमध्ये केही विवादास्पद समेत भएका छन् । विवादास्पद निर्णयसँगै, ट्विटरले विज्ञापन राजस्वको ठुलो मात्रा गुमाउन थाले पछि मस्कले ट्विटर ब्लूको रूपमा भुक्तान गरिएको प्रमाणिकरणहरू सुरु गर्नु भयो।

मस्कले जुलाई २०२३ मा ट्विटरसँग सम्बन्धित प्रसिद्ध निलो चरालाई प्रतिस्थापन गर्दै गर्मीमा प्लेटफर्मलाई एक्सको रूपमा पुनः ब्रान्ड गर्नु भयो ।प्लेटफर्म संलग्नता बढाउन, मस्कले २०२४ मार्च -२८ मा दुई हजार ५०० भन्दा बढी प्रमाणित ग्राहक अनुयायी भएको एक्स खातालाई प्रिमियम सुविधामा निःशुल्क पहुँच प्रदान गर्ने घोषणा गर्नु भयो । जसबाट पाँच हजार भन्दा बढी अनुयायी अनुयायी भएको एक्स खातालाई सिमित लागतमा प्रिमियम सुविधा छ।

# स्वदेशमा उत्पादित जडीबुटीको बजारीकरण गर्नुपर्नेमा जोड




काठमाण्डु । जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको स्थलगत अवलोकन गर्दै सांसदहरुले नेपालमा उत्पादित जडीबुटीको प्रभावकारी रुपमा बजारीकरण गर्नुपर्नेमा जोड दिनुभएको छ ।

मंगलबार राष्ट्रियसभाअन्तर्गतको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सांसदहरुले लिमिटेडको भ्रमण गर्दै त्यहाँको वस्तुस्थितिबारे जानकारी लिनुभयो । छलफलका क्रममा सांसद मदनकुमारी शाहले लिमिटेडका उत्पादन बजारीकरणको तहमा कमजोर रहेको भन्दै यसमा जोड दिन आग्रह गर्नुभयो । उहाँलगायत अरु सांसदहरुले पनि नेपालमा उत्पादित जडीबुटीका उत्पादन प्रयोग गरौँ भन्ने खालका सन्देश प्रवाह गर्नुपर्ने धारणा राख्नुभयो ।

सांसद पदमबहादुर परियारले भन्नुभयो, "उत्पादित वस्तुलाई बिक्री गर्न पनि प्रक्रियागत झण्झटका कारण समस्या रहेछ । व्यापार गर्ने संस्थाको कार्यविधि नै पो परिवर्तन गर्नुपर्ने हो की यसमा सोच्नुपर्छ ।" नेपाल जडीबुटीको क्षेत्रमा ठूलो सम्भावना बोकेको र आर्थिक क्षेत्रमा ठूलो टेवा पुर्‍याउन सक्ने भएकाले यसको खोज, अनुसन्धान, उत्पादनमा प्राथमिकता दिनुपर्ने सांसदहरुको भनाइ थियो ।

समितिका सभापति मायाप्रसाद शर्माले लिमिटेडका पदाधिकारीलाई यसका समस्या लिपिबद्ध गरेर समितिलाई पठाउन र अगामी दिनमा थप छलफल गरी सरोकारवालालाई झक्झक्याउन काम गरिने आश्वस्त पार्नुभयो । लिमिटेडकी महाप्रबन्धक सङ्गीता यादवले आगामी दिनमा ७७ वटै जिल्ला र सातवटै प्रदेशमा शाखा विस्तार गर्ने लक्ष्य रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले बजारको अध्ययन गर्दै आफ्ना उत्पादन बढाउँदै लगेका छौँ । यो वर्षदेखि शुद्ध मह पनि ल्याउने तयारीमा छौँ । हाते प्रविधिबाट सञ्चालित सञ्चो उत्पादन हाल स्वाचालित अत्याधुनिक मेसिनबाट उत्पादन हुँदै आएको छ । जसले गर्दा उत्पादन क्षमतामा पनि वृद्धि भएको छ ।"

उहाँले बजारको मागअनुसार आपूर्ति गर्ने र विदेशमा निकासी गर्न कम्पनीको पूँजी, प्रविधि र जनशक्तिलाई पनि बढाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो । सञ्चालक समितिका अध्यक्ष डा सिन्धुप्रसाद ढुङ्गानाले बजारीकरणका सम्बन्धमा समस्या देखिँदै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "प्रतिस्पर्धाको जमाना छ । कतिपय सामानका बजारभाउ अनुसार बेच्न नसकिएको अवस्था छ । प्रक्रियागत हिसाबले भाउ तोक्दा अर्को पटक भाउ फेरिसकेको हुन्छ । जसले गर्दा बिक्रीमा असर पुग्छ ।"

विसं २०३८ मा स्थापना भएको लिमिटेड सरकारी स्वामित्व भएको संस्था हो । लिमिटेडले नेपालमै पाइने जडीबुटीको कच्चापदार्थबाट सञ्चो, सञ्चो बाम, दुखाइ कम गर्ने तेल, ह्यान्ड सेनिटाइजर, शिलाजित तथा विभिन्न औषधि तथा सुगन्धित तेल उत्पादन गर्दै आइरहेको छ ।रासस

# अतिक्रमित सरकारी जग्गामा 'हाइटेक नर्सरी'

जानकी । बाँकेको राप्तीसोनारी गाउँपालिका-९ ढकेरीमा द्वन्द्वकालमा तत्कालीन माओवादीले अतिक्रमण गरी बनाएको बस्तीमा अहिले 'हाइटेक नर्सरी' निर्माण गरिएको छ । डेढ बिगाहा सरकारी जग्गालाई अतिक्रमण गरी तत्कालीन माओवादीले मुक्त कम्लहरीको बस्ती बसाएको थियो ।

उक्त जग्गालाई यही आर्थिक वर्षमा प्रदेश सरकारका तर्फबाट पूर्व सामाजिक विकासमन्त्री नमूना केसी, सोही वडाका हाइटेक नर्सरीमा 'जर्मिनेसन' र 'ग्रिनहाउस' गरी दुईओटा 'च्याम्बर' बनाइएको सब डिभिजन वन कार्यालयका प्रमुख सुवेदीले जानकारी दिनुभयो ।

प्रमुख सुवेदीका अनुसार जर्मिनेसन च्याम्बरमा तीन भाग र ग्रिन हाउस च्याम्बरमा चार भाग बनाएर उक्त नर्सरीमा ३० देखि ४० हजार बिरुवा उमार्न सकिन्छ ।

नर्सरी निर्माण हालै सम्पन्न भएकाले त्यहाँ बिरुवा उमार्न मिल्दैन । त्यसैले त्यहाँ सार्नका



वडाध्यक्षलगायत विभिन्न राजनीतिक दलका नेता र प्रहरी प्रशासनको रोहवरमा फुकुवा गरी ३० लाख ३४ हजारको लागतमा डिभिजन वन कार्यालय बाँकेले हाइटेक नर्सरी निमार्ण गरेको शम्शेरगञ्ज सब डिभिजन वन कार्यालय बाँकेका प्रमुख सुशील सुवेदीले बताउनुभयो ।

उहाँका अनुसार उक्त जग्गामा भएको सरकारी रेञ्ज पोष्ट र कटान गरिएका काठका घाटगद्दीलाई तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले कब्जा गरी आठ घर मुक्तकम्लरीको बस्ती बसाइएको थियो । पन्ध्रौँ वर्षपछि कब्जा फुकुवा गरीएको उक्त सरकारी जग्गामा निर्माण गरिएको लागि सब डिभिजनकै क्षेत्र भित्रको जग्गामा १६ हजारभन्दा बढी बिरुवा उमारिएको सुवेदीले बताउनुभयो ।

"यो हाइटेक नर्सरीको निर्माण हालै सम्पन्न भएकाले यहाँ यो वर्ष बिरुवा उमार्न सकिएन," उहाँले भन्नुभयो, "यहाँ उमार्न नसकिए पनि यहाँ हुर्किएको बिरुवा सार्न मिल्ने भएको हुनाले हामीले आफ्नै कार्यालयको नर्सरीमा १६ हजारभन्दा बढीको बिरुवा उमारेका छौँ ।" उक्त नर्सरीमा साल, सेतो चन्दन, सुगन्ध कोकिला, पारिजात, कागती, अम्बालगायत १६ हजारभन्दा बढी विभिन्न प्रजातिका बिरुवा सार्ने तयारी भएको छ ।रासस

# सिएमसीमा गत वर्ष पाँच करोड बढीको निःशुल्क सेवा

चितवन । चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पताल भरतपुरले गत एक वर्षमा रु पाँच करोड ६१ लाख ८ हजार चार सय १३ बराबरको निःशुल्क स्वास्थ्य सेवा दिएको जनाएको छ । अस्पतालले आज यहाँ पत्रकार सम्मेलनको आयोजना गरी गरिब, विपन्न, असहाय, ज्येष्ठ नागरिकसहित स्थानीय तहबाट सिफारिस भइआएका बिरामीलाई निःशुल्क स्वास्थ्य सेवा दिएको स्पष्ट गरेको छ ।



अस्पतालका प्रमुख प्रशासक प्रताप देवकोटाले सामाजिक उत्तरदायित्व बहन गरी अस्पतालले गरिब, असहाय, ज्येष्ठ नागरिक र स्थानीय निकायबाट सिफारिस भई आउने बिरामीलाई निःशुल्क उपचारको व्यवस्था मिलाएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आर्थिक हैसियत कमजोर भएका, परिवारका सदस्य एवं आफन्तजन नभएका असहाय गरिब र वृद्धवृद्धाले पनि निर्बाध रूपमा स्वास्थ्य सेवा पाउनुपर्छ भन्ने मूल्यमान्यताअनुरुप निःशुल्क रूपमा स्वास्थ्य सेवा उपलब्ध गराइएको हो, सेवा विस्तारसहित आसपासका जिल्लामा समेत स्वास्थ्य शिविर तथा शाखा सञ्चालन गरी सर्वसुलभ रुपमा स्वास्थ्य सेवा प्रदान गरी आमजनताको विश्वास जित्ने लक्ष्यका साथ अस्पताल अघि बढिरहेको छ ।"

एक प्रश्नको जवाफमा अस्पतालले दिएको निःशुल्क सुविधाबाहेक गत आर्थिक वर्षमा सङ्घीय सरकारले दिएको रु एक लाखसम्मको छुट लिने बिरामी सङ्ख्या नौ सय ९२, निःशुल्क डाइलासिस सेवा ६ हजार दुई सय ३१ र भरतपुर महानगरका महिलाहरुको निःशुल्क परीक्षण कार्यक्रमअन्तर्गत चार हजार तीन सय ९५ जनाले स्वास्थ्य सेवा लिएको अस्पतालले जनाएको छ ।यसैगरी, नेपाल सरकारको आमा सुरक्षा कार्यक्रमअन्तर्गत गत वर्ष एक हजार ५५ गर्भवती महिलालाई निःशुल्क प्रसूति सेवासहित बाटो खर्चसमेत उपलब्ध गराएको प्रशासक देवकोटाले बताउनुभयो ।

अस्पतालका निर्देशक डा दयाराम लम्सालका अनुसार अस्पतालमा गत आर्थिक वर्षमा दुई हजार चार सय ९६ जटिल प्रकृतिका शल्यक्रिया भएका छन्भने ठूलो सङ्ख्यामा मध्यम र सानातिना शल्यक्रिया भएका छन् । अस्पतालले २० भन्दा बढी अति विशिष्टीकृत सेवा दिँदै आएको छ । डा लम्सालले आर्थिक वर्ष २०८१/८२ देखि स्वास्थ्य बीमा कार्यक्रमसमेत सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो । चितवनवासीसहित बाहिर जिल्लाका बिरामीको मागलाई ध्यानमा राख्दै बीमा बोर्डसँग आग्रह गरेर पुनः स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा ल्याएको अस्पतालले जनाएको छ । स्वास्थ्य बीमा बोर्डले चितवन मेडिकल कलेज (सिएमसी) सहित १० वटा मेडिकल कलेजलाई आजदेखि लागू हुने गरी बीमा कार्यक्रम सञ्चालन स्वीकृति दिएसँगै अस्पतालले बीमा कार्यक्रम सुरु गरेको हो ।

अस्पतालले गत आर्थिक वर्षमा बहिरङ्ग सेवामा एक लाख ८४ हजार २८ जनालाई सेवा दिएको छ । जसमा नयाँ बिरामी ५९ हजार पाँच सय ५१ रहेका छन्भने एक लाख सात हजार तीन सय ९९ जना 'फलोअप' बिरामी रहेका छन् । यसै अवधिमा १७ हजार ७८ जनालाई आकस्मिक सेवा उपलब्ध गराएको अस्पतालले जनाएको छ ।रासस

# जग्गा कारोबार बढेसँगै भद्रपुर मालपोतमा राजस्व वृद्धि

भद्रपुर । भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुरले आर्थिक वर्ष २०८०/८१ मा रु ८० करोड ५८ लाख १४ हजार पाँच सय ९२ राजश्व सङ्कलन गरेको छ । ३६ हजार आठ सय ७५ थान रजिष्ट्रेशन पारितबाट उक्त आम्दानी भएको हो ।



आव २०८०/८१ मा स्थानीय तहले जग्गा वर्गीकरण गरी कित्ताकाट सुरु भएसँगै जग्गाको कारोबार बढेकाले राजस्व बढेको मालपोत कार्यालयका सूचना अधिकारी राजु दाहालले बताउनुभयो । "गत आव २०७९/८० को तुलनामा रु २२ करोड १२ लाख ६९ हजार एक सय ९९ ले राजस्व वृद्धि भएको छ", उहाँले भन्नुभयो । गत आवमा रु ५८ करोड ४५ लाख ४५ हजार तीन सय ९३ राजस्व सङ्कलन भएको थियो ।

आर्थिक वर्ष २०८०/८१ मा सेवा करवापत रु सात करोड ५१ लाख ३९ हजार चार सय ७६, रजिष्ट्रेशन दस्तुरबाट रु ४७ करोड ३० लाख ३० हजार पाँच सय ५४, छुटवापत रु छ करोड २७ लाख ८७ हजार छ सय १२, डोर सुविधा शुल्क रु एक लाख ८९ हजार, पुँजीगत लाभकर रु ३२ करोड एक लाख २५ हजार दुई सय ६७ र विलम्ब शुल्कवापत रु एक लाख १७ हजार नौ सय छ राजस्व सङ्कलन गरिएको उहाँले जानकारी दिनुभयो ।रासस

# अनुदान नीतिले दूध उत्पादनमा वृद्धि

दमौली । तनहुँको म्याग्दे गाउँपालिकाले दूध उत्पादक किसानलाई उत्पादनमा अनुदान उपलब्ध गराएको छ । उत्पादनका आधारमा दूधमा अनुदान दिने नीतिले गाउँपालिकामा दूध उत्पादक किसान बढ्नुका साथै दूध उत्पादनमा वृद्धि भएको छ । गाउँपालिकाले चालु आर्थिक वर्षमा यहाँका किसानलाई रु २८ लाख ८८ हजार दुई सय आठ वितरण गरेको पशुसेवा शाखा प्रमुख डा विनय शाहले जानकारी दिनुभयो ।



उहाँका अनुसार प्रति लिटर रु दशका दरले अनुदान उपलब्ध गराइएको छ ।

तीन वटा सहकारी संस्थामार्फत् दूध बिक्री गर्ने किसानले अनुदान पाएका छन् । चालु आर्थिक वर्षमा तीन वटा सहकारी संस्थामार्फत् दुई लाख ८८ हजार आठ सय २० लिटर दूध बिक्री भएको छ । म्याग्दे गाउँपालिका-४ स्थित म्यादे दुग्ध उत्पादक सहकारी संस्थाबाट दुई लाख ३७ हजार नौ सय ४७, गौ सेवा दुग्ध उत्पादक सहकारी संस्थाबाट ३४ हजार सात नौ र साँगे चारहजार दूध उत्पादक सहकारी संस्थाबाट १६ हजार एक सय ६४ लिटर दूध उत्पादन भएको छ ।

त्यसमध्ये म्याग्दे दुग्ध सहकारीलाई रु २३ लाख ७९ हजार चार सय ७७, गौ सेवा दुग्ध सहकारीलाई रु तीन लाख ४७ हजार ११ र साँगे चारहजार दुग्ध सहकारीलाई रु एक लाख ६१ हजार छ सय ४० अनुदान उपलब्ध गराइएको शाहले बताउनुभयो । गाउँपालिकाले गत जेठ २० गते तीन वटा सहकारीलाई बिक्री भएको दूधको अभिलेख, भुक्तानी बिलको प्रमाणित प्रतिलिपिसहित उक्त किसानले बिक्री वितरण गरेको एकमुष्ट विवरण माग गरेको थियो । गत आर्थिक वर्षमा गाउँपालिकाले किसानलाई रु १४ लाख ९८ हजार पाँच सय ८२ अनुदान वितरण गरेको थियो । त्यसबेला एक लाख ६२ हजार आठ सय ८९ लिटर दूध उत्पादन भएको थियो ।

म्याग्दे दुग्ध उत्पादक सहकारी संस्थामार्फत् दूध बिक्री गर्ने किसानलाई रु ११ लाख २१ हजार एक सय ८५, गौसेवा दुग्ध उत्पादक सहकारीमार्फत् दूध बिक्री गर्ने किसानलाई रु दुई लाख १२ हजार दुई सय ३२ र साँगे चारहजार दुग्ध उत्पादक सहकारीमार्फत् दूध बिक्री गर्ने किसानलाई रु एक लाख ६५ हजार एक सय ६३ रकम वितरण गरिएको थियो । दूध उत्पादक किसानलाई उत्पादनको आधारमा अनुदान उपलब्ध गराएपछि किसान उत्साहित भएका छन् । गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउने उद्देश्यसहित पालिकाले उत्पादनका आधारमा अनुदान दिने नीति ल्याएपछि किसान खुसी भएका हुन् । म्याग्दे गाउँपालिका-३ निवासी नवराज घिमिरेले गाउँपालिकाको यो कामले किसानको हौसला बढाएको बताउँदै जति धेरै उत्पादन गर्न सक्यो त्यति हामीलाई फाइदा भएको बताउनुभयो ।

गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले कृषि र पशुपालन क्षेत्रलाई अझै व्यवस्थित गर्दै लैजाने नीति लिइएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउन उत्पादनका आधारमा अनुदान दिने नीति ल्याएका हौँ । यसले गर्दा दुग्ध उत्पादक किसान पेसाप्रति आकर्षित र उत्साहित भएको पाएका छौँ ।"रासस

# 'कुमोन सिकाइ विधि'नेपालमा

काठमाण्डु । जापानबाट सुरु भएको प्रविधि र व्यक्ति सिकाइमा आधारित 'कुमोन सिकाइ विधि' नेपालमा पनि लागू गर्न थालिएको छ । व्यक्तिपिच्छे सिक्ने क्षमता फरक-फरक हुन्छ भन्ने मान्यता बोक्ने यस विधिमा तालिमप्राप्त शिक्षकबिना नै विद्यार्थीले डिजिटल ट्याब्लेटका माध्यमबाट आफ्नै शैलीमा सिक्ने जनाइएको छ ।

उक्त विधिको आधिकारिक नेपाल प्रतिनिधि आइसिजी बिजनेस होल्डिङ प्रालिले



ललितपुरको ग्वार्को युनाइटेड र काठकाडौँको कलङ्कीस्थित एलआरआइ स्कुलका कक्षा ३ र ४ का करिब एक हजार पाँच सय विद्यार्थीलाई कुमोन पद्धतिको अभ्यास सञ्चालन गरेको हो ।

जापानको कुमोन एजुकेशन कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक कात्सुयुकी इनोउले सोमबार ती विद्यालयका सञ्चालित कुमोन अभ्यासको अवलोकनका साथै विद्यार्थीसँग अन्तर्क्रिया गर्नुभएको छ । उहाँले नेपालका धेरैभन्दा धेरै विद्यार्थीलाई स्वतन्त्र रूपले आफ्नो लयमा आफैँ सिक्ने सीपहरू बढाउन यो विधिले सोच्ने क्षमता अभिवृद्धि हुने बताउनुभयो । यो विधिबाट समस्या समाधान गर्ने क्षमताको विकास हुनाका साथै जीवन जिउने कलाको विकास गर्ने उहाँले जनाउनुभयो ।


एलआरआइ स्कुलका प्रिन्सिपल डा देवीकान्त जोशीले दैनिक ३० मिनेटको कुमोन विधिले विद्यार्थीहरूको अध्ययन गर्ने बानी र व्यवहारमा सकारात्मक परिवर्तन आएको बताउनुभयो । युनाइटेड स्कुलका प्रिन्सिपल मनोज विश्वकर्माले यो विधि एक अद्धितीय स्वयं सिकाइ र विद्यार्थीकेन्द्रित विधि भएकाले नेपालमा प्रभावकारी हुने बताउनुभयो ।

आइसिजी होल्डिङका अध्यक्ष गणेशमान लामाले शिक्षामा गुणस्तर बढाउने ध्येयले उक्त विधि नेपाल ल्याइएको बताउँदै शिक्षक तालिम, शिक्षा नीति, पाठ्यक्रम र पाठ्यपुस्तकमा परिमार्जनका लागि बहस हुने गरे पनि विद्यार्थीको दिमागी तालिम र अभिवृद्धिका लागि सोचको विकास भइनसकेको बताउनुभयो ।

यस विधिले विद्यार्थीले 'आइक्यु'स्तरमा सुधार गरेर 'अपरेटिङ' प्रणालीलाई छिटो गर्न मद्दत गर्ने अध्यक्ष लामाले जानकारी दिनुभयो । यसले विद्यार्थीको दैनिक क्रियाकलापको मूल्याङ्कन गर्छ भने विद्यार्थीको दिमागको कसरी प्रयोगको भइरहेको छ भन्नेबारेमा आइआए (कृत्रिम बुद्धिमत्ता)का माध्यमबाट कुमोनका कर्मचारीलाई सूचित हुन्छ । सोको प्रतिक्रिया विधिका प्रशिक्षकलाई पुग्ने र प्राप्त निर्देशनअुसार दिमागको प्रयोगमा सुधार गर्दै लगिनेछ ।यो पद्धति हाल संयुक्त राज्य अमेरिकाका विभिन्न राज्य तथा युरोपका विभिन्न मुलुकमा सञ्चालन भइसकेको छ । आर्थिक रूपमा महँगो मानिने यो विधि नेपालमा सरल मूल्यमा उपलब्ध गराइएको छ ।रासस

# १०८ फिट अग्लो महादेवको मूर्ति निर्माण

लमजुङ । लमजुङस्थित सुन्दरबजार नगरपालिका-७ पाउँदीमा १०८ फिट उचाइको शिद्धेश्वर महादेवको मूर्ति निर्माण सम्पन्न भएको छ । कर्मदा नदीका शिवजी महादेव मन्दिर संरक्षण समितिले मर्स्याङ्दी नदी नजिकै पर्यटन र धार्मिक क्षेत्र बनाउनका लागि यतिका अग्लो महोदवको मूर्ति निर्माण गरेको हो ।



समितिका उपाध्यक्ष चन्द्रप्रसाद पोखरेलले महादेव मूर्तिसहित सो परिसरमा भगवान गणेश, विष्णु, शिवको बहान साँडे (बसाह)को मूर्तिसमेत निर्माण गरिएको बताउनुभयो । काठमाडौँ र पोखराबाट कालीगढ ल्याएर मूर्ति निर्माण गरिएको उहाँको भनाइ छ । त्यसका लागि रु दुई करोड ५० लाख खर्च भएको उहाँले जानकारी दिनुभयो । मूर्तिमा रङरोगन सम्पन्न भएको छ । सोही परिसरमा १०८ शिवलिङ्ग र १०८ धारा निर्माण गर्न लागिएको छ । धाराका लागि पर्खाल सम्पन्न भइसकेको छ । राइनास नगरपालिका-९ मोहोरियाकोटबाट करिब छ किलोमिटर टाढाबाट धाराका लागि पानी ल्याउन लागिएको छ । हालसम्म दुई किलोमिटरमा पाइप विच्छ्याउने काम सम्पन्न भएको छ भने धारा निर्माणस्थल नजिकै एक लाख लिटर भन्दाबढी पानी अट्ने एउटा पानी ट्याङ्की निर्माण सम्पन्न भएको छ ।

समितिको नाममा रहेको एघार रोपनी जग्गामा उक्त पूर्वाधार निर्माण भइरहेको छ । धारा तथा शिवलिङ्ग व्यक्तिको नाम र पितृहरुको नाम राखिने र यसका लागि न्यूनतम रु ११ हजार एक सय ११ तिर्नुपर्ने समितिले जनाएको छ । बाँकी काम असोज महिनाभित्र सकिने र आगामी ठूलो एकादशीका दिन उद्घाटन गर्ने तयारी भइरहेको छ ।

उहाँका अनुसार त्यस्तै, महादेव मूर्ति स्थापनका लागि हालसम्म रु १४ लाख बढी चन्दा सङ्कलन भएको छ । यहाँ मर्स्याङ्दी नदीमा स्नायु गर्न, सतबीज छर्न, ठूलो एकादशी पर्वमा लाखौँ भक्तजन विभिन्न स्थानबाट यस क्षेत्रमा आउने गरेका छन् ।

डुम्रे-बैंसीसहर सडक नजिकै तथा लमजुङ/तनहुँको सिमानामा पर्ने यस पाउँदीमा धार्मिक पूर्वाधार निर्माणले यहाँका व्यापार व्यवसायमासमेत टेवा पुग्ने स्थानीयको भनाइ छ । यस क्षेत्र राष्ट्रिय गौरवको आयोजना मध्यपमहाडी लोकमार्गको छेउमै रहेको छ ।

महादेवको मूर्ति तथा एक सय आठ धारा र शिवलिङ्ग निर्माणले धार्मिक रुपमा मात्र नभइ पर्यटकीय गतन्यका रुपमा विकास हुने सुन्दरबजार नगरपालिका प्रमुख कृष्णप्रसाद कोइरालाले बताउनुभयो ।रासस

# दुर्घटना पीडितहरुको अवस्था नाजुक बन्दै

**टुडे समाचारदाता**

वीरगञ्ज । सीमलताल दुर्घटनामा परेका बस यात्रुको आफन्तजनको अवस्था नाजुक वन्दै गएको छ । वीरगञ्ज महानगरपालिका-१६ नगवास्थित फूलबारी टोलकी प्रतिमा महतो पटक-पटक आफ्नो पति जवाहीर महतोलाई सम्झेर भक्कानिएर रुँदै आइरहेकी छन् । उनका पति जवाहीर महतोले चलाएको बागमती प्रदेश ०३ ०१-०० ख



१५१६ नम्बरको एञ्जल डिलक्स रात्रिबस गत शुक्रबार बिहानीपख भरतपुर महानगरपालिका-२९ सिमलताल नजिकै पहिरोमा परेर बेपत्ता भएको खबर सुनेसँगै प्रतिमाको अवस्था भने झन्झन् नाजुक बन्दै गइरहेको छ ।

"छोराले चलाएको बस बगाएको खबर सुनेदेखि परिवारका सबै सदस्य विक्षिप्त छन् । त्यसमा पनि बुहारीको स्वास्थ्य अवस्था साह्रै खराब भइरहेको छ," जवाहीरका ६६ वर्षे पिता भगवान् महतोले गहभरि आँसु खसाल्दै भने, "बुहारी भक्कानिएर रुने, कराउने गरिरहेकी छन् । उनको स्वास्थ अवस्था बिग्रिएकाले घरमै डाक्टर बोलाएर उपचार गराउँदै आएका छौं ।"

जवाहीरकी पत्नी प्रतिमा अहिले कोहीसँग पनि दोहोरो कुराकानी गर्न सक्ने अवस्थामा छैनन् । "त्यस दिनदेखि मुखमा अन्न, पानी परेको छैन । स्लाइनपानीकै भरमा कतिन्जेल बचाउन सकिएला ? बुहारीको स्वास्थ अवस्था बिग्रँदै गइरहेको छ," उनले भने ।

जवाहीरका पत्नी प्रतिमा मात्रै होइन, जवाहीरका बुबा, आमा, छोराछोरी, आफन्त इष्टमित्र र छिमेकीहरुको समेत आँखा ओभाएका छैनन् । "जवाहीर घरकै आडभरोसा थियो । उसले बस चलाएर नै घरखर्च चलाउँदै आइरहेको थियो," बुबा भगवान्ले भने, "छोरा त्रिशूलीको पहिरोमा परेर हराइरहेको छ । मलाई बुढ् यौलीले छोइसक्यो । अब यी ससाना नाति-नातिनालाई कसले पालनपोषण र रेखदेख गर्ला भन्ने चिन्ताले सताइरहेको छ ।"

पहिरोमा परेर आफ्नो माइलो छोरा हराइरहेकामा आमा फुलेनादेवीको रुदाँरुँदै आँखा सुन्निएको छ । आफ्नो छोराका बारेमा अहिलेसम्म कुनै पनि खबर थाहा नपाउँदा निकै चिन्तित भएको बताउनुभयो । "बिहीबार बेलुकापख छोरासँग खासै धेरै कुराकानी भएन । त्यो दिन छोरा बुबासँग मात्रै कुराकानी गरेर बिदा भएर बस चलाउन गए", उनले भने, "अहिलेसम्म छोराको न त श्वास नै पाउन सकेका छौं, न त लास नै पाउन सकेका छौं । पहिरोमा छोरो हराएदेखि मेरो मन बेचैन छ ।"

उनले आफ्नो छोरा पहिरोमा हराएपछि सान्त्वना दिनका लागि एञ्जल बसका प्रतिनिधि, स्थानीय नेता, सांसद तथा अन्य कोही पनि नआउँदा दुःख झनै बढेको बताए । "छोराले फर्निचर चलाउने भन्दै ५० लाखभन्दा धेरै कर्जा लिएको छ," उनले भने, "छोरा नै नरहेपछि कर्जा कसरी तिर्ने भन्ने पीरले अर्को चिन्ता थपिरहेको छ ।"

बुबाका अनुसार जवाहीर डेढ दशकदेखि सवारीसाधन चलाउँदै आएका थिए । जवाहीरले एञ्जल डिलक्स बस चलाउन थालेको पनि चार-पाँच वर्ष भइसकेको छ । उनले प्रायः रात्रिबस चलाउँदै आइरहेका थिए ।

जवाहीरका दुई छोरा र एक छोरी रहेकी छन् । जेठी छोरी प्रिती कक्षा आठमा अध्ययनरत छिन्भने जेठो छोरा कक्षा ४ र कान्छो छोरा बिटु युकेजीमा अध्ययनरत छन् । १३ वर्षीय छोरी प्रिती महतोले आफ्नो बुबाको जतिसक्दो छिटो उद्धार गरिदिन अनुनय गरेका छन् । "बुबालाई जतिसक्दो छिटो पानीबाट निकालिदिनूस् । अरू हामीलाई केही चाहिएको छैन," उनले भने ।

जवाहीरका कान्छो भाइ मुन्ना महतो अहिले हराइरहेका दाजुको खोजीमा नारायणगढ-चितवनमा खटिरहेका छन् । मंगलबार दिउँसोसम्म जवाहीरको अवस्था पत्ता लाग्न सकिरहेको छैन । हराइरहेका जवाहीरका दिदी सुशीलादेवी महतोले भाइ पहिरोमा हराएसँगै परिवारको खुसी खोसिएको बताइन् ।

भगवान्का चार छोरा र एक छोरी रहेकी छन् । तीमध्ये पहिरोमा परेर हराइरहेका जवाहीर माइलो छोरा हुन् । जेठो सुनिल कतारमा र साइलो हिरालाल वैदेशिक रोजगारीको सिलसिलामा मलेसियामा रहेका छन् भने कान्छो मुन्ना नेपालमा नै छन् ।

वीरगञ्जबाट काठमाडौँ जाँदै गरेको एञ्जल डिलक्स बस चालकसहित १९ नेपाली र आठ भारतीय नागरिक सवार रहेका थिए । जिल्ला प्रशासन कार्यालय चितवनका अनुसार एञ्जल बसमा २७ जना यात्रु रहेका थिए । सहायक प्रमुख जिल्ला अधिकारी खिमानन्द भुसालले एञ्जल बसमा सवारमध्ये अहिलेसम्म तीन जनाको शव भेटिएर परिवारका सदस्यले सनाखत गरेको बताए । उनले भने, "अहिले हामीले बेपत्ताहरुको खोजी कार्यलाई तीव्र पारिरहेका छौं ।"

# शिक्षाको विकास बिना अन्य क्षेत्रको विकास असम्भव :मन्त्री लेखी



**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री राजकुमार लेखीले शिक्षाको बिकास बिना अन्य क्षेत्रको विकास असम्भव रहेको बताएका छन् । मधेश विश्व विद्यालय वीरगञ्जमा मंगलबार सरोकारवालाहरुसँग भएको भेटघाटमा उनले यस्तो बताएका हुन् ।

मधेश विश्व विद्यालयका सहकुलपति समेत रहेका शिक्षामन्त्री लेखीले शिक्षा क्षेत्रलाई प्रमुख प्राथमिकतामा राखेर नीति नबनाएसम्म देशको समग्र विकास हुन नसक्ने बताउदै शिक्षा क्षेत्रको विकास नभए कुनैपनि क्षेत्रको विकास सम्भव नरहेको आफ्नो बुझाई बताए । उनले शिक्षालाई प्राथमिकतामा राख्न नसक्नु नै देशको लागि दुर्भाग्य भएको प्रसंग उल्लेख गरे ।

चालु आर्थिक बर्षका लागि मधेश प्रदेशले ल्याएको बजेटमा पनि शिक्षा क्षेत्र प्राथमिकतामा पर्न नसकेको बताउदै मन्त्री लेखीले मधेश प्रदेशमा अहिले नेतृत्व गरेको दल जनमत पार्टीका मुख्यमन्त्रीलाई बारम्बार आफुले शिक्षालाई प्राथमिकतामा राख्न र पर्याप्त बजेट विनियोजन गर्न माग गर्दा पनि शिक्षामा संतोषजनक बजेट नरहेको गुनासो गरे ।

संघीयता कार्यान्वयनमा आएको सातबर्षमा पनि स्थानीय तहका सरकारहरुले शिक्षा क्षेत्रमा गरेको बजेट विनियोजन निकै निराशाजनक रहेको बताए ।संघीय सरकारले पनि उच्च प्राथमिकतामा राख्न नसकेको भन्दै मन्त्री लेखीले शिक्षा राज्यको छैटौं प्राथमिकतामा मात्रै परेको बताउदै अघिल्लो सातबर्षमा मधेस प्रदेशमा शिक्षा नीति समेत बन्न नसके जानकारी गराउदै मन्त्री लेखीले आफूले मन्त्रालयमा पदभार ग्रहण गरेको दिन नै शिक्षा नीति बनाउने पहिलो निर्णय गरेको सुनाए ।

शिक्षा नीति निर्माणका लागि ११ सदस्यीय समिति समेत बनाएको जानकारी गराउँदै त्यसको केही बैठक र कार्यक्रम अगाडि बढाएको बतए । उनले आफू राम्रो गर्न सक्छु भन्ने आत्म विश्वासका साथ अगाडि बढेको बताउदै सबैपक्षको सहयोग र साथ आवश्यक रहेको पनि बताए ।

सामुदायिक विद्यालयका प्रधानाध्यापक र शिक्षकहरु, शैक्षिक गुणस्तरलाई कसरी राम्रो गर्ने भन्नेमा ध्यान नदिएर पर्खाल र पूर्वाधारहरूमा ध्यान दिने गरेको प्रति आफ्नो ध्यानाकर्षण भएको बताए । कार्यक्रममा उनले मधेस विश्वविद्यालयको विकासका लागि बजेटको कमी हुन नदिने बताउदै स्रोत व्यावस्थापन गर्ने आश्वासन दिए ।

मधेश विश्व विद्यालयका उपकुलपति प्राध्यापक डाक्टर दीपक शाक्यको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य वीणा शर्मा, नेकपा एमाले पर्साका सचिव महेश दास, एमाले नेता सुन्दरकुर्मी, लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण मधेश विश्व विद्यालयका रजिष्टार विजय यादवले गरेका थिए । कार्यक्रमपछि मन्त्री लेखीले मधेश विश्वविद्यालयको प्रशासनिक भवन, कक्षा तथा भौतिक पूर्वाधारको अवलोकन समेत गरेका थिए ।

# फोहरमैला व्यवस्थापनका लागि महानगरपालिकाको ध्यानाकर्षण

**टुडे समाचारदाता**

वीरगञ्ज । वर्षायामको समयमा हुनसक्ने डुबानलाई लक्षित गरेर मङ्गलबारदेखि नै पानीको निकास र फोहरमैला व्यवस्थापनमा सक्रिय रहन वीरगञ्ज महानगरपालिकाले सरसफाइकर्मीलाई निर्देशन दिएको छ ।

महानगरका प्रमुख राजेशमान सिंहले वर्षातको समयमा हुनसक्ने डुबानलाई तत्काल निकास दिन तथा फोहर व्यवस्थापनमा कुनै पनि सम्झौता नगर्न ३२ वटै वडाका सफाइकर्मीलाई मंगलबार निर्देशन दिएका हुन् ।




"वर्षातको समयमा पानी जमेर डुबान हुनसक्ने सम्भावना धेरै रहन्छ । त्यसैले सरसफाइकर्मीले डुबान हुने ठाउँमा सावधानी अपनाउनुहोला", नगरप्रमुख सिंहले भने, "पछिल्लो समय वीरगञ्ज महानगर क्षेत्रमा फोहरमैला बढिरहेको छ । यो समस्यालाई जतिसक्दो चाँडो समाधान गर्नुस् ।" महानगरका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले महानगरको सरसफाईमा गुनासो नआउने गरी कार्यसम्पादन गर्न अनुरोध गरेका छन् ।

# धनुषा जिल्ला अदालतमा स्वचालित पेसी प्रणाली

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्ला अदालतले मंगलबारदेखि स्वचालित पेसी प्रणाली लागु गरेको छ ।

अदालतले जनकपुरधाममा मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा शीघ्र न्याय सम्पादनका कार्य पूरा गर्न स्वचालित पेसी प्रणाली लागु गरिएको न्यायाधीश चुडामान खड्काले बताए । यसअघि, सर्वोच्च तथा उच्च अदालतमा स्वचालित पेसी प्रणाली लागु भइसकेको छ । साथै मंगलबारदेखि पारिवारिक इजलास सञ्चालन भएको उनले जानकारी दिए ।



अदालतले पुराना मुद्दा चालु आर्थिक वर्षभित्रमा फछ्र्यौट गरेर अर्को आर्थिक वर्षमा त्यसलाई शून्यमा झार्ने लक्ष्य लिएको छ । धनुषा जिल्ला अदालतमा आव २०८०/८१ मा जिम्मेवारी सरेर आएकामध्ये तीन हजार एक सय ८४ र नयाँ दर्ता भएकामध्ये एक हजार नौ सय ९१ मुद्दा फछ्र्यौट भएका छन् । जिल्ला अदालतमा सबैभन्दा बढी देवानी मुद्दाअन्तर्गत लेनदेन मुद्दा फछ्र्यौट गर्न बाँकी छ । लेनदेन मुद्दाको संख्या एक हजार आठ सय २७, अंश मुद्दा एक हजार ९९ र बैङ्किङ कसुरसम्बन्धी एक सय १० मुद्दा परेका छन् ।

# मिटर ब्याजीलाई धरौटीमा थुनामुक्त गर्न आदेश

**टुडे समाचारदाता**

राजविराज । सप्तरीका मिटरब्याजी रामदेव साह तेलीकी श्रीमती शिवकुमारी साहलाई धरौटीमा थुनामुक्त गर्न सप्तरी जिल्ला अदालतले आदेश दिएको छ। न्यायाधीश उमानाथ गौतमको एकल इजलासले आइतबार २५ लाख रुपैयाँ धरौटी लिएर साहलाई थुनामुक्त गर्न आदेश दिएको छ ।



खडक नगरपालिका- ७ कल्याणपुरकी मिटरब्याजी रामदेव साह तेलीकी श्रीमती मिटरब्याजी शिवकुमारीलाई असार २६ गते धरानबाट पक्राउ गरी राजविराज ल्याइएको थियो ।

परिबन्धमा परेका विपन्नलाई ऋण लगाएर रामदेवले मिटरब्याजमा रकम असुल्नुका साथै उनीहरूको जग्गासमेत कब्जा गरेका थिए। निमुखामाथिको यस्तो अत्याचार गर्नेमा साहुकारको पूरै परिवार संलग्न थियो। विपन्न नागरिकलाई उठिबास लगाउने रामदेवसहित अन्य भने फरार छन् ।

ख ड क नगरपालिका कल्याणपुरका मिटरब्याजी तेलीको खोजीमा रहेको सप्तरी प्रहरीले उनका छोरा नन्दकिशोरलाई धरान बजारबाट र छोरी अनुराधालाई काठमाडौंबाट पक्राउ गरेको थियो भने अर्का छोरी रेणु कुमारी साह १ लाख ५० हजार धरौटी बुझाएर रिहा भएकी छन् ।

सप्तरी जिल्ला अदालतका न्यायाधीश सूर्यनाथप्रकाश अधिकारीको इजलासले ४४ वर्षीय नन्दकिशोर साह र उनकी दिदी अनुराधा साहलाई २२ असार ०७९ सालमा पुर्पक्षका लागि राजविराज कारागारमा थुनामा पठाएको थियो। त्यसपछि छोरा र छोरीलाई जनही ५०-५० लाख रुपैयाँ धरौटीमा थुनामुक्त गर्न सर्वोच्च अदालतले आदेश दिएको थियो ।

खडक नगरपालिका- ७ कल्याणपुरका नन्दकिशोर साह र अनुराधा साहलाई सर्वोच्चका न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले धरौटी लिएर थुनामुक्त गर्न आदेश दिएको थियो ।

ठगी तथा आपराधिक विश्वासघात गरेको भन्दै साहुकार रामदेवसँगै उनकी श्रीमती शिवकुमारी, छोरा नन्दकिशोर, छोरीहरू रेणुकुमारी र अनुराधा, नाति २१ वर्षीय चन्दनकुमार र धनुषा खरिहानी टोल बस्ने कैलाश साहविरुद्ध सप्तरीका १७ जनाले उजुरी दिएका थिए । नन्दकिशोर, अनुराधा, रेणुकुमारी र श्रीमती शिवकुमारीबाहेक तीनजना फरार छन् ।

उजुरी परे पनि अनुसन्धानमा प्रहरीले आलटाल गर्दै आएको थियो । विपन्नमाथि अत्याचारबार भएको भन्दै तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले साहुकार रामदेवलाई पक्राउ गरी कारबाही गर्न निर्देशन दिएका थिए ।

पक्राउ परेकी शिव कुमारीलाई कडा सजायको माग गर्दै पीडितहरुले आइतबार सप्तरी जिल्ला अदालत राजविराज अगाडि शान्तिपूर्ण प्रदर्शन तथा धर्ना दिएका थिए ।

# प्राविधिक शिक्षामा राजर्षि जनक विश्वविद्यालयको जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा अवस्थित राजर्षि जनक विश्व विद्यालयले प्राविधिक शिक्षामा जोड दिएको छ ।

सोही लक्ष्य अनुरुप गत वर्षदेखि नै महोत्तरीको गौशालामा स्नातक तहको सिभिल इन्जिनियर विषयको ४८ सिटमा अध्ययन अध्यापन भइरहेको छ । साथै मानविकी तथा कानून सङ्काय अन्तर्गत दर्शनाचार्य एमफिलको शैक्षिक कार्यक्रममा २० जना विद्यार्थी भर्ना भएका छन् । जसअन्तर्गत प्रथम सेमेस्टरको कक्षा अनलाइनबाट भइरहेको छ ।




यसका साथै वि वि ए, एम वि ए, वि पि एच, वि एस्सी, एम एल टि, वि सि ए, वि एस सि-सि एस आई टि, वि ए एलए ल वि विषयका कक्षा सञ्चालन भइरहेका छन् । शैक्षिक शत्र २०८१-२०८२ देखि वि आई टि, वि एस सि एग्रीकल्चर, वि ई कम्प्युटर, वि डि वि एम, वि जे एम सी र वि ई डि आई सि टि जस्ता नयाँ विषयको पठनपाठनको तयारी भइरहेको उपकुलपति प्राध्यापक डा. अमर प्रसाद यादवले जानकारी दिए ।

अहिले विश्व विद्यालयद्वारा सञ्चालित कोर्समा ७ सय ५० विद्यार्थीहरू अध्ययनरत छन् । आंशिक तथा स्थायी गरेर ६० प्राध्यापक र ५० जना कर्मचारीहरू कार्यरत छन् । विश्वविद्यालयका शैक्षिक कार्यक्रम सञ्चालनका सूचना आह्वान गर्दा देशभरबाट २ सय ४९ आवेदन परेको जनाइएको छ ।

विश्वविद्यालयमा अध्ययन गरेका विद्यार्थीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सफल भइरहेको विश्वविद्यालयले जनाएको छ ।

# वागमतीमा डुवेर वेपत्ता भएका बालकको शव फेला

**टुडे समाचारदाता**

रौतहट । वागमती नदीमा नुहाउने क्रममा वेपत्ता भएका बालकको शव मंगलवार फेला परेको छ । रौतहटको गढिमाई नगरपालिका वडा नम्वर ३ लक्ष्मिपुरका हकुद्दिन कवारीको १० बर्षीय छोरा सफर कवाडी वागमती नदीमा नुहाउने क्रममा सोमवार दिउसो १ बजे डुवेर वेपत्ता भएका थिए ।



बालक कवारीलाई खोज्न सशस्त्र प्रहरीको विपद व्यवस्थापनको टोलीले सोमबार अवेर साँझ सम्म खोजतलास गर्दा भेटिएन् । मंगलबार विहान डुबेको स्थान भन्दा साढे ३ किलोमिटर दक्षिणमा बालकको शव फेला परेको सशस्त्र प्रहरी बल नेपाल नम्वर ११ गण रौतहटले जनाएको छ ।

सशस्त्र प्रहरीले रबर बोटको प्रयोग गरेर सोमबारै देखि खोजी कार्यलाई जारी राखेका थिए भने सोही क्रममा मंगलबार विहान गढिमाई नगरपालिका वडा नम्वर ६ धर्मपुर स्थित वागमती खोला किनारमा शव स्थानीयहरु देखेपछि प्रहरीलाई खवर गरेको सशस्त्र प्रहरीका एसपी विक्रम हुमागाईले जानकारी दिएका छन् ।

फेला परेका बालकको शवलाई प्रादेशिक अस्पताल गौरमा पोष्टमार्टम गरेर परिवारजनको जिम्मा लगाएको सशस्त्र प्रहरीका एसपी हुमागाईले जानकारी दिए ।

उद्दार टोली घटना स्थलमा पुगेर २ जना बालकलाई सकुशल उद्दार गरेको र बेपत्ता भएको बालकलाई नेपाल प्रहरी, नेपाली सेनासहितको संयुक्त टोली खोजी कार्यमा जुटेको सशस्त्र प्रहरीका एसपी हुमागाईंले बताए ।

# बस दुर्घटनामा १५ जना घाइते

**टुडे समाचारदाता**

वारा । बाराको सिमरामा यात्रुबाहक बस दुर्घटना हुँदा १५ यात्रु घाइते भएका छन् । सो मध्ये ३ जनाको अवस्था गम्भीर छ ।

चितवनको नारायणगढबाट पर्साको वीरगञ्जतर्फ आउँदै गरेको ना ७ ख ६०७६ नम्बरको बस बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २३ स्थित अनियन्त्रित भएर सडकमै पल्टिएको बाराका प्रहरी प्रवक्ता डिएसपी दधिराम न्यौपानेले जानकारी दिए ।

दुर्घटनामा घाइते हुनेहरुमा बाराको जितपुर सिमरा ३ की ३३ वर्षीय जानुका ढुंगाना, वडा नम्बर ७ अमलेखगन्जका ३३ वर्षीय शंकर गुरुङ, कलैया उपमहानगरपालिका-१८ मोतिसरका २१ वर्षीय कन्हैया गुप्ता, महागढीमाई नगरपालिका - ५ का १८ वर्षीय सर्वजित राम, मकवानपुरको हेटौडा उपमहानगरपालिका - ८ की ३९ बर्षिया सरस्वती काफ्ले, वडा नं. १५ का ३५ वर्षीय सागर गोले,९ की ५३ वर्षीया गौरी श्रेष्ठ, ४ का ३० वर्षीया अमिर थापा, वडा नम्बर १५ का २५ वर्षीया सुमन लामा लगायत घाइते भएको प्रहरीले जनाएको छ ।

चालक र सहचालकलाई नियन्त्रणमा लिएर दुर्घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८